
जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र(District Covid- 19 Crisis Management Center, DCCMC) गुल्मीद्धारा प्रकाशित

# कोभिड-१९ ई - बुलेटिन


**वर्ष २ २०७८ बैशाख अंक**

नयाँ भेरियन्ट सहितको कोभिड १९ संक्रमणको वर्तमान स्थिति

**गुल्मी (२०७८ बैशाख मसान्त सम्म)**




**कोरोनो भाईरसको संक्रमणको अवस्था**
**नेपाल (२०७८ बैशाख ३१ गते सम्म)**




## भनाई

कोभिड-१९ को नयाँ भेरियन्ट सहितको महामारीबाट विश्वनै आक्रान्त भएको र नेपाल तथा यस जिल्ला समेत आक्रान्त भएको छ। संक्रमणको Chain Break गर्न तथा फैलन नदिन जिल्लामा २०७८ बैशाख १८ गते सम्म लगाईएको निषेधाज्ञा थप गरि २०७८ जेष्ठ ४ गते राती सम्म लाई जारी गरिएको छ । निषेधाज्ञाको समयमा दैनिक जनजिवन असहज हुने भएतापनि थप संक्रमण वृद्धि हुन नदिन तथा उपचार व्यवस्थापनमा ध्यान केन्द्रित गर्न सहयोग पुग्ने विश्वास लिईएको छ । हाल सम्म पछिल्लो नयाँ भेरियन्ट बाट जिल्लामा १०४४ सक्रिय संक्रमित रहेका र ३६ जनाको मृत्यु भएको छ । सवै पालिकाहरुमा तथा गुल्मी अस्पतालमा गरी १४५ कोभिड बेड तथा आईसोलेसन रहेका छन् ।कोभिड-१९ को नियन्त्रण रोकथाम तथा उपचारको लागि जिल्ला स्तरीय संकट व्यवस्थापन केन्द्र (DCCMC) ले काम गरेको र स्थानीय स्तरमा LEOC कार्यान्वयनमा रहेको छ । महामारीको असहज परिस्थितिमा सहज तुल्याउन समन्वय तथा सहयोग पुर्याउनु हुने सवै स्थानीय तह, राजनैतिक दल, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, संचारकर्मी, उद्योगी, व्यावसायी, नागरिक समाज, मानवअधिकारकर्मी, लगायत सम्पुर्ण जिल्लावासी महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

महामारीको परिस्थितीमा तोकिएका स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरौं । धैर्यता, संयमता र आत्मवल कायम राखी आफुपनि बाँची अरुलाई संक्रमण हुनबाट बचाऔं, विरामीलाई हेला होईन उचित स्याहार, हौसला, मनोवल प्रदान गरौं ।

-रुद्रादेवी शर्मा
प्रमुख जिल्ला अधिकारी

घर बसौं, सुरक्षित रहौं ।अनिवार्य रुपमा स्वास्थ्य मापदण्डहरुको पालना गरी कोभिड १९ फैलन नदिऔं, आफु बाँचौ अरुलाई पनि बचाऔं ।

## कोभिड-१९ संकट व्यवस्थापन केन्द्र(DCCMC)

**कोभिड-१९ को रोकथाम नियन्त्रण तथा व्यवस्थापनको लागि आवश्यक निर्णय,निर्देशन, सिफारिस तथा समन्वयको लागि देहाय बमोजिमका पदाधिकारी रहने गरी जिल्लास्तरीय संकट व्यवस्थापन केन्द्र रहेको छ ।**

| पद | नाम,थर | कार्यालय/संघ/संस्था | सम्पर्क नं. |
|---|---|---|---|
| सल्लाहकार- प्रमुख | श्री लक्ष्मण पराजुली | जिल्ला समन्वय समिति | ९८५७०२८०६८ |
| सल्लाहकार- नगरप्रमुख | श्री डिल्लीराज भुसाल | रेसुङ्गा नगरपालिका, गुल्मी | ९८५७०२५०१५ |
| संयोजक एवं प्र.जि.अ. | श्री रुद्रादेवी शर्मा | जिल्ला प्रशासन कार्यालय, गुल्मी | ९८५७०१७७७७ |
| सदस्य- प्र.उ. | श्री गोपाल चन्द्र भट्टराई | जिल्ला प्रहरी कार्यालय, गुल्मी | ९८५७०१५५५५ |
| सदस्य-जि.स.अ. | श्री विजय कुमार कार्की | जिल्ला समन्वय समिति गुल्मी | ९८५७०२८०६८ |
| सदस्य- सेनानी | श्री डायमण्ड कार्की | संग्राम शार्दुल गुल्म, धागिथुम, गुल्मी | ९८५७०६४८६० |
| सदस्य- स.प्र.ना.उ. | श्री अशोक कुमार लम्साल | स.प्र.बल नेपाल नं. ३७, हे.क्वा. गुल्मी | ९८५११३८८७७ |
| सदस्य- प्र.अ.अ. | श्री सञ्जय भण्डारी | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय गुल्मी | ९८५७०६४२५४ |
| सदस्य- प्र.मे.सु. | श्री उत्तम पच्या | गुल्मी अस्पताल, तम्घास | ९८५७०६७२२४ |
| सदस्य- व.ज.स्वा. उप-प्रशासक | श्री भवानी प्रसाद शर्मा | जिल्ला स्वास्थ्य कार्यालय, गुल्मी | ९८४१६३८६०२ |

## २०७८ बैशाख मसान्त सम्म गुल्मी जिल्लामा कोभिड १९ को संक्रमणको स्थिति -

नयाँ भेरियन्ट सहितको कोभिड १९ बाट बैशाख मसान्त सम्म गुल्मीमा कुल १०४४ जना संक्रमित भएका छन् भने संक्रमित मध्ये १५५ जना संक्रमण मुक्त भएका छन् । त्यसै गरी ३६ जनाले ज्यान गुमाएका छन् । स्थानीय तह सहितको जिल्लामा कोभिडको १९ संक्रमणको स्थिति र उपलब्ध आईसोलेसन बेडको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

| स्थानिय तह/स्वास्थ्य संस्था | संक्रमित संख्या | निको भएको संख्या | मृत्यु भएको संख्या | आईसोलेसन वेड संख्या |
|---|---|---|---|---|
| मदाने गा.पा. | २९ | ३ | ० | १० |
| मालिका गा.पा. | ३२ | ८ | ० | ५ |
| ईश्मा गा.पा. | ६३ | १ | ४ | २० |
| धुर्कोट गा.पा. | ५९ | ५ | ५ | ५ |
| मुसिकोट न.पा. | ७० | १५ | ४ | १५ |
| चन्द्रकोट गा.पा. | ८ | २ | १ | १९ |
| कालीगण्डकी गा.पा. | २५ | ५ | १ | १० |
| रुरुक्षेत्र गा.पा. | १६८ | २३ | ३ | ९ |
| छत्रकोट गा.पा. | १०४ | २० | ४ | ६ |
| गुल्मीदरवार गा.पा. | ९६ | १२ | १ | ५ |
| सत्यवती गा.पा. | ६२ | १३ | ८ | ११ |
| रेसुङ्गा नगरपालिका | ३२८ | ४८ | ५ | ५६ |
| **जम्मा** | १०४४ | १५५ | ३६ | १४५ |

*रेसुङ्गा नगरपालिका अन्तर्गत गुल्मी अस्पताल मा २६, रेसुङ्गा अस्पतालमा १० र महेन्द्र मा.वि.मा २० गरी ५६ बेड रहेको ।*

**घर बसौं, सुरक्षित रहौं ।अनिवार्य रुपमा स्वास्थ्य मापदण्डहरुको पालना गरी कोभिड १९ फैलन नदिऔं,आफु बाँचौ अरुलाई पनि बचाऔं ।**

## कोभिड १९ परीक्षण ल्याव संचालनमा

२०७७ फागुन देखी बन्द रहेको गुल्मीको एकमात्र कोभिड-१९ परीक्षण प्रयोगशाला मिति २०७८ बैशाख २९ गते देखी पुन संचालनमा ल्याईएको छ । आर्थिक अभाव का कारण रोकिएको सो प्रयोगशाला स्थानीय निकायको आर्थिक सहयोगबाट अस्पतालको स्वामित्वमा रहने गरी बढ्दै गईरहेको कोभिड १९ संक्रमण लाई मध्यनजर गरी पुन संचालनमा आएको हो

।सदरमुकाम स्थित रेसुङ्गा नगरपालिका वडा नं. ९ उपल्लो तम्घास स्थित रहेको प्रयोगशाला जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयअनुसार मिति २०७७-०६-०१ गते माननीय प्रदीप कुमार ज्ञवाली मार्फत उद्घाटन भई २०७७-०६-०७ गते देखी संचालन गरिएको थियो ।प्रयोगशालामा हाल सम्म २४४९ जनाको कोभिड १९ परीक्षण गरिएको छ ।




**कोभिड १९ को संक्रमण तीव्र रुपमा फैलिरहेको छ । यस समयमा अधिकतम सावधानी अपनाई सुरक्षित रहौं। कोभिड १९ सँग मिल्दो जुल्दो लक्षण देखिएमा नजिकैको स्वास्थ्य संस्थामा खवर गरी यथाशीघ्र स्वास्थ्य परीक्षण गराऔं ।**

### जिल्ला स्थित स्थानिय निकायका प्रमुखहरुको सम्पर्क नं.

| स्थानीय तहको नाम | प्रमुखको नाम | सम्पर्क नं. |
|---|---|---|
| मुसिकोट नगरपालिका | सोमनाथ सापकोटा | ९८५७०६४५०० |
| रेसुङ्गा नगरपालिका | डिल्लीराज भुसाल | ९८५७०२५०१५ |
| मदाने गाउँपालिका | दान बहादुर के.सी. | ९८५७०२७९२५ |
| मालिका गाउँपालिका | रित बहादुर थापा | ९८५७०७२२५५ |
| ईश्मा गाउँपालिका | लक्ष्मण बहादुर विष्ट | ९८५७०७२१०८ |
| धुर्कोट गाउँपालिका | भुपाल पोखेल | ९८५७०६७८४२ |
| चन्द्रकोट गाउँपालिका | द्रोण बहादुर खत्री | ९८५७०६१७५१ |
| कालीगण्डकी गाउँपालिका | बेद बहादुर थापा | ९८५७०६१७०१ |
| रुरुक्षेत्र गाउँपालिका | निलकण्ठ गौतम | ९८५७०६४९०४ |
| गुल्मीदरबार गाउँपालिका | अशोक कुमार थापा | ९८५७०७४४१० |
| छत्रकोट गाउँपालिका | मधुकृष्ण पन्त | ९८५७०६७९८४ |
| सत्यवति गाउँपालिका | पारिश्वर ढकाल | ९८५७०६४००९ |

### जिल्ला स्थित स्थानिय निकायका कार्यालय प्रमुखहरुको सम्पर्क नं.

| स्थानीय तहको नाम | कार्यालय प्रमुखको नाम | सम्पर्क नं. |
|---|---|---|
| मुसिकोट नगरपालिका | खिमानन्द भुसाल | ९८५७०८३७८९ |
| रेसुङ्गा नगरपालिका | भक्तिराम मरासिनी | ९८५७०७३१११ |
| मदाने गाउँपालिका | रुद्र बहादुर पछाई | ९८५७०४९०४९ |
| मालिका गाउँपालिका | दिपक भण्डारी | ९८५७०६७९०६ |
| ईश्मा गाउँपालिका | विष्णु बहादुर घर्ती | ९८५७०६७९१४ |
| धुर्कोट गाउँपालिका | काशिराम पन्थी | ९८५७०६७९१७ |
| चन्द्रकोट गाउँपालिका | अनन्तपाणी मरासिनी | ९८५७०६७९२० |
| कालीगण्डकी गाउँपालिका | बाबुराम पल्ली | ९८५७०६७९२५ |
| रुरुक्षेत्र गाउँपालिका | छत्र | ९८५७०६७९१६ |
| गुल्मीदरबार गाउँपालिका | लक्ष्मण पाण्डे | ९८५७०६७९१२ |
| छत्रकोट गाउँपालिका | पुण्य प्रसाद पौडेल | ९८५७०६७९०८ |
| सत्यवति गाउँपालिका | झविश्वर रेग्मी | ९८५७०६७९०३ |

### गुल्मी जिल्ला स्थित स्थानीय तहहरुका स्वास्थ्य संयोजक हरुको सम्पर्क नं.

| स्थानीय तहको नाम | स्वास्थ्य संयोजकको नाम | सम्पर्क नं. |
|---|---|---|
| मुसिकोट नगरपालिका | ढाल बहादुर जि.सी. | ९८५७०६१६८० |
| रेसुङ्गा नगरपालिका | बोम अर्याल | ९८५१२०११२२ |
| मदाने गाउँपालिका | तिर्थराज पन्थी | ९८४७०६१८३६ |
| मालिका गाउँपालिका | बसन्त राज भुसाल | ९८५७०६४९९५ |
| ईश्मा गाउँपालिका | पदमलाल अधिकारी | ९८५७०७२२५३ |
| धुर्कोट गाउँपालिका | प्रेम खनाल | ९८५७०६४७७१ |
| चन्द्रकोट गाउँपालिका | प्रकाश शर्मा अर्याल | ९८५७०६७७३१ |
| कालीगण्डकी गाउँपालिका | चन्द्र बहादुर थापा | ९८५७०८४४१२ |
| रुरुक्षेत्र गाउँपालिका | छत्र बहादुर अधिकारी | ९८५७०३३९२७ |
| गुल्मीदरबार गाउँपालिका | नारायण प्रसाद अर्याल | ९८५७०६१६११ |
| छत्रकोट गाउँपालिका | पुण्य प्रसाद पौडेल | ९८६७१४३५४२ |
| सत्यवति गाउँपालिका | सुर्य राना | ९८५७०६१९८८ |

### जिल्ला स्थित स्वास्थ्य संस्था प्रमुखहरुको सम्पर्क नं.

| | | |
|---|---|---|
| जिल्ला अस्पताल | डा. उत्तम पच्या | ९८५७०६७२२४/९८५११८८८२६ |
| रेसुङ्गा अस्पताल | होम पल्ली | ९८५७०६१६७९ |

घर बसौं, सुरक्षित रहौं ।अनिवार्य रुपमा स्वास्थ्य मापदण्डहरुको पालना गरी कोभिड १९ फैलन नदिऔं,आफु बाँचौ अरुलाई पनि बचाऔं ।


## जिल्लास्थित तयारी अवस्थामा रहेका एम्बुलेन्सहरुको विवरण

| सि.नं. | स्थानीयतह | एम्बुलेन्स नं. | एम्बुलेन्स रहने स्थान | एम्बुलेन्स चालकको नाम | चालकको सम्पर्क नम्बर | एम्बुलेन्स संचालक संस्था |
|---|---|---|---|---|---|---|
| १ | इश्मा गा.पा. | लु१झ ३५५ | इश्मा रजस्थल हेल्थ पोष्ट | यमलाल ज्ञवाली | 9867423994 | इश्मा रजस्थल हेल्थ पोष्ट |
| २ | इश्मा गा.पा. | लु.१झ ४०९ | हस्तिचौर हेल्थ पोष्ट | दिपक पाण्डे | 9863997726 | हस्तिचौर हेल्थ पोष्ट |
| ३ | रुरुक्षेत्र गा.पा. | लु१च ३०८२ | रुरु फ्रेन्डस क्लब | गोविन्द ज्ञवाली | 9847471168 | रिडी बजार |
| ४. | रुरुक्षेत्र गा.पा. | लु१झ ३७६ | रुरुक्षेत्र गाउँपालिका | विक्रम थापा | 9869793304 | बलेटक्सार |
| ५. | चन्द्रकोट गा.पा. | लु १च ३०४३ | नेपाल रेडक्रस सोसाइटी शान्तिपुर | खड्क बहादुर खत्री | 9747041451 | शान्तिपुर |
| ६. | चन्द्रकोट गा.पा. | लु २च ६७३२ | भू.पु. सैनिक | गोपालप्रसाद शर्मा | 9847326052 | शान्तिपुर |
| ७. | चन्द्रकोट गा.पा. | लु१झ ३२७ | तुराङ्ग स्वास्थ चौकी | कृष्णप्रसाद गौतम | 9867719222 | मजुवा |
| ८. | सत्यवती गा.पा. | लु२च ९०३८ | भारतिय भू.पु. सैनिक लिम्घा | हिरा क्षेत्री | 9865451527 | सत्यवती-४ लिम्घा |
| ९. | मदाने गा.पा. | लु१झ ३१५ | पुर्कोट स्वास्थ्य चौकी | खिम प्रसाद भट्टराई | 9860197694 | पुर्कोटदह |
| १०. | मदाने गा.पा. | लु१झ | सिर्सेनी स्वास्थ्य चौकी | भक्त बहादुर खत्री | 9866492888 | सिर्सेनी |
| ११. | मदाने गा.पा. | लु१झ ४७८ | बाँझकटेरी स्वास्थ्य चौकी | नरभुपाल वि.क. | 9840963576 | बाँझकटेरी |
| १२. | धुर्कोट गा.पा. | लु१झ ३३० | पिपलधारा स्वास्थ्य चौकी | रुद्र बहादुर खड्का | 9866134536 | पिपलधारा |
| १३. | धुर्कोट गा.पा. | लु१झ ५३० | हाडहाडे स्वास्थ्य चौकी | अनन्त जि.सी. | 9867113314 | हाडहाडे |
| १४. | धुर्कोट गा.पा. | लु१झ ५२९ | धुर्कोट प्रा.स्वा.केन्द्र | चन्द्र बहादुर सामत | 9847570904 | धुर्कोट |
| १५. | धुर्कोट गा.पा. | लु१झ ३०५ | वाग्ला स्वास्थ्य चौकी | वसन्त सुनार | 9847327657 | वाग्ला |
| १६. | धुर्कोट गा.पा. | लु१च ४०७२ | वस्तु स्वा.चौकी | मनिराम भण्डारी | 9813843063 | वस्तु |
| १७. | गुल्मीदरबार गा.पा. | लु१झ ३०९ | गुल्मीदरबार गाउँपालिका | भिम बहादुर टण्डन | 9857064612 | गौडाकोट |
| १८. | गुल्मीदरबार गा.पा. | लु२च ६०६२ | भू.पु. सैनिक विरवास | बाबुराम रजाली | 9847155642 | विरवास |
| १९. | मालिका गा.पा. | लु२च ६८८९ | अर्खावाङ्ग स्वास्थ्य चौकी | भुवन भुसाल | 9864556332 | अर्खावाङ्ग |
| २०. | मालिका गा.पा. | लु१झ ४९१ | हाङ्दी स्वास्थ्य चौकी | चुरामणी घर्ती | 9845133404 | हाङ्ग्दी |
| २१. | मालिका गा.पा. | लु२च २३७२ | घमिर स्वास्थ्य चौकी | लोकेन्द्र बहादुर कार्की | 9847198691 | घमिर |
| २२. | कालिगण्डकी गा.पा. | लु२च ८७१८ | भुर्तुङ्ग स्वास्थ्य चौकी | कुमार थापा | 9857034897 | भुर्तुङ्ग |
| २३. | कालिगण्डकी गा.पा. | लु१च ६६९७ | फोक्सिङ्ग स्वास्थ्य चौकी | गिरी थापा | 9864565490 | फोक्सिङ्ग |
| २४. | छत्रकोट गा.पा. | लु१झ २७५ | ऋङ्गा प्राथमिक स्वास्थ्य केन्द्र | मोहन के.सी. | 9847000733 | श्रृङ्गा |
| २५. | रेसुङ्गा न.पा. | बा१७च ७६८ | नेपाल रडक्रस सोसाइटी गुल्मी | लाल बहादुर खत्री | 9867223111 | तम्घास |
| २६. | रेसुङ्गा न.पा. | लु१च ४२२१ | रेसुङ्गा हस्पिटल प्रा.लि. गुल्मी | बाबुराम नेपाली | 9866699648 | तम्घास |
| २७. | रेसुङ्गा न.पा.. | लु१च १६०३ | आँखा उपचार केन्द्र तम्घास | सन्तोष सुवेदी | 9857030529 | तम्घास |
| २८. | रेसुङ्गा न.पा. | लु१च ३३६१ | भारतीय भू.पु. सैनिक तम्घास | राम बहादुर कुँवर | 9847134681 | तम्घास |
| २९. | रेसुङ्गा न.पा. | लु१च ७६५५ | तम्घास टेक्निकल शिक्षालय | बम बहादुर ढेंगा | 9864555556 | तम्घास |
| ३०. | रेसुङ्गा न.पा. | लु२च ६७१३ | सामाजिक विकास मञ्च नेपाल | युवराज बस्नेत | 9847111983 | तम्घास |
| ३१. | रेसुङ्गा न.पा. | लु१झ २९२ | सिमिचौर स्वास्थ्य चौकी | कमल बस्नेत | 9844771765 | सिमीचौर |
| ३२. | मुसिकोट न.पा. | लु२च १४८० | निस्ती बढीगाढ सामुदायिक संस्था | गोविन्द घिमिरे | 9847517893 | नेटा थाम |
| ३३. | मुसिकोट न.पा. | लु२च २३७९ | वडागाउँ स्वास्थ्य चौकी | शंकर बगाले | 9862104754 | वडागाउँ |
| ३४. | मुसिकोट न.पा. | लु२च ४७६५ | कुर्घा स्वास्थ्य चौकी | जिब बहादुर खत्री | 9866579800 | कुर्घा |
| ३५. | मुसिकोट न.पा. | लु१च ३२१५ | नेपाल रेडक्रस सोसाइटी वामी | रामु सापकोटा | 9847477203 | वामी |
| ३६. | मुसिकोट न.पा. | लु२च ५१७ | अर्लाङ्गकोट सेवा समाज जापान | प्रेम गौतम | 9867222612 | अर्लाङ्गकोट |
| ३७. | मुसिकोट न.पा. | लु१झ ४८७ | वामीटक्सार स्वास्थ्य चौकी | बलु थापा | 9840962354 | वामीटक्सार |
| ३८. | मुसिकोट न.पा. | लु१झ ५६४ | पौदीअमराई स्वास्थ्य चौकी | सागर केसी | 9867866605 | पौदीअमराई |


**घर बसौं, सुरक्षित रहौं । अनिवार्य रुपमा स्वास्थ्य मापदण्डहरुको पालना गरी कोभिड १९ फैलन नदिऔं,आफु बाँचौ अरुलाई पनि बचाऔं ।**

## स्थानीय निकायहरुसँग कोभिड १९ रोकथाम तथा नियन्त्रणका लागि ZOOM बैठक

DCCMC को संयोजक समेत रहनुभएको प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले जिल्ला समन्वय समिति गुल्मीका प्रमुख, जिल्लाका १२ वटै स्थानीय तहका प्रमुखहरु, प्रमुख प्रशासकीय अधिकृतहरु, जिल्ला अस्पतालका नि.मे.सु. तथा सरोकारवालाहरुको उपस्थितिका बिच जुम बैठक आयोजना गर्नुभएको थियो ।




पछिल्लो समय अत्याधिक रुपमा फैलदै गएको नयाँ भेरियन्ट सहितको कोभिड १९ लाई नियन्त्रण भन्दा बाहिर जान नदिनका लागी अपनाउने उपायहरु, आईसोलेसन सेन्टरहरुको स्थापना, स्वास्थ्य सामाग्रीहरुको उपलब्धता, संक्रमितहरुको उपचारको व्यवस्थापन, शव व्यवस्थापन, अक्सिजन ग्यासँ सिलिण्डरहरुको उपलब्धता, निषेधाज्ञाको पालना लगायतका विषयमा सो बैठकमा छलफल गरिएको थियो ।




## नयाँ भेरियन्ट सहितको कोभिड १९ को संक्रमणमा गुल्मी पनि नियन्त्रण, उपचार तथा रोकथामका लागी अधिकतम प्रयत्न

विश्व भरिनै आक्रान्त पारेको नयाँ भेरियन्ट सहितको कोभिड १९ को संक्रमण गुल्मीमा पनि फैलिएको छ । कोभिड १९ थप फैलन नदिन मिति २०७६ बैशाख १८ गते देखी जिल्लाभर निषेधाज्ञा जारी गरिएको छ भने जिल्लाका मुख्य नाकाहरुमा कडाई, चेकजाँच स्वास्थ्यकर्मीहरुलाई परिचालन, सुरक्षाकर्मी परिचालन, सम्पुर्ण स्थानीय तहहरु र स्वास्थ्य संस्थाहरुमा आईसोलेसन सेन्टरको स्थापना, अक्सिजन सहितको वेडको निर्माण जस्ता कार्यहरु गरिएको छ ।त्यसै गरी विभिन्न संघ संस्थाहरुले पनि कोभिड १९ नियन्त्रण रोकथाम तथा संक्रमितको उपचारका लागी विभिन्न तवरबाट योगदान भैरहेको अवस्था छ ।

### बैशाख १९ देखी ३१ गते सम्म विभिन्न देशहरुबाट गुल्मी जिल्लामा आएका व्यक्तिहरुको संख्यात्मक विवरण

| सि.नं. | देशको नाम | संख्या |
|---|---|---|
| १ | साउदी | ९ |
| २ | भारत | ४३ |
| ३ | बेलायत | २ |
| ४ | यु ए ई | १५ |
| ५ | कतार | ३ |
| ६ | कुवेत | २ |
| ७ | जापान | १४ |
| ८ | ओमन | १ |
| ९ | मलेसिया | १ |
| | जम्मा | ४९० |

## तपाईको मास्क खै अभियान कार्यक्रम संचालन

मिति २०७८/०१/०८ गते जिल्ला प्रशासन कार्यालयको अगुवाईमा जिल्ला कोभिड १९ संकट व्यवस्थापन केन्द्रले "तपाईंको मास्क खै ? अभियान संचालन गरेको छ । कोरोना भाईरसबाट सुरक्षित रहन सबै सरोकारवालाहरुको सहभागीतामा सचेतना मुलक कार्यक्रम गरिएको हो । DCCMC गुल्मीका संयोजक समेत रहनुभएका प्रमुख जिल्ला अधिकारी श्री रुद्रादेवी शर्माको संयोजकत्वमा जिल्ला समन्वय प्रमुख, जिल्ला स्थित विभिन्न कार्यालयका प्रमुखहरु, राजनैतिक दलका प्रमुखहरु,पत्रकार, नागरिक समाज,नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल लगायतको टोलीले सदरमुकामका विभिन्न स्थानहरुमा तपाईको मास्क खै नामक सचेतनामुलक कार्यक्रम संचालन गरेको हो ।सो कार्यक्रममा प्रमुख जिल्ला अधिकारीले पछिल्लो समय नयाँ भेरियन्ट सहितको कोरोना भाईरसको महामारी नेपालमा पनि भित्रिएपछि सो बाट सवै जोगिनका लागि न्युनतम मापदण्ड अपनाउन सबैलाई आग्रह गर्नुभएको थियो ।






## विभिन्न स्थानीय तहहरुमा निशेधाज्ञा र आइसोलेसनको अवस्था अनुगमन

प्रमुख जिल्ला अधिकारी श्री रुद्रादेवी शर्मासहितको टोलीले तीन स्थानीय तह हरु गुल्मी दरवार, छत्रकोट र रुरु गाउँपालिका मा निशेधाज्ञा र आइसोलेसनको अवस्था अनुगमन गरेको छ । मिति २०७८।०१।२१ गते प्रमुख जिल्ला अधिकारी शर्मा , प्रहरी प्रमुख गोपालचन्द्र भटराई, नेपाली सेनाका मेजर डायमण्ड कार्की, सशस्त्र प्रहरी निरिक्षक नारायण सेडाइसहितको टोलीले उल्लेखित ३ वटा स्थानीय तहहरुमा कोभिड १९ नियन्त्रण , निशेधाज्ञाको पालना, आइसोलेसन सेन्टर र हेल्पडेक्सहरु को अनुगमन गरेको हो,जसमध्ये गुल्मी दरवार र छत्रकोट गाउँपालिकाले अक्सिजनसहित ५ बेडको आइसोलेसन बनाएका छन् ।

सम्बन्धित स्थानीय तहका प्रमुख , उपप्रमुख , प्रमुख प्रशासकीय अधिकृत र स्वास्थ्यकर्मीहरुको उपस्थितीमा आइसोलेसनको अनुगमन सम्पन्न भएको थियो ।

त्यस्तै रिडिमा रहेको हेल्प डेक्समा अवदेखि जिल्लामा बाहिरी मुलुकबाट भित्रिनेहरुको रेकर्ड राखी
सवै पालिकामा पठाउन प्रमुख जिल्ला अधिकारीबाट सुरक्षाकर्मीहरुलाई निर्देशन भएको छ । त्यसै गरी विरामीहरुको घरघरमा मृत्यु भएकोले पालिकाहरुले बनाएका आईसोलेसनमा ल्याई विरामीहरुको उपचार गर्न र परिक्षणको दायरा बढाउन सुझाव समेत प्रदान भएको छ ।

घर बसौं, सुरक्षित रहौं ।अनिवार्य रुपमा स्वास्थ्य मापदण्डहरुको पालना गरी कोभिड १९ फैलन नदिऔं,आफु बाँचौ अरुलाई पनि बचाऔं ।





*गुल्मीदरवार गाउँपालिकाको आईसोलेसन कक्ष अवलोकन गर्दै प्रजिअ शर्मा साथमा प्रहरी कार्यालय गुल्मीका प्रमुख, धागीथुम व्यारेकका गुल्मपति र गुल्मीदरवार गा.पा.का प्र.प्र.अ. लक्ष्मण पाण्डे सहित*

## रेसुङ्गा अस्पतालको अनुगमन तथा निर्देशन

मिति २०७८/१/२६ गतेबाट कोभिड १९ को उपचार सुरुवात भएको रेसुङ्गा अस्पतालको अनुगमन गरिएको छ । रेसुङ्गा नगरपालिकाका प्रमुख श्री डिल्लीराज भुसाल, प्रमुख जिल्ला अधिकारी श्री रुद्रादेवी शर्मा, जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रमुख श्री गोपाल चन्द्र भट्टराई लगायतको संयुक्त टोलीले सो अस्पतालको अनुगमन तथा निरीक्षण गरी औपचारिक कोभिड उपचार सुरुवात गर्न निर्देशन भएको छ ।तत्काललाई रेसुङ्गा अस्पतालमा आज १० बेड तयार गरी सुरुवात गरिएको छ ।अनुगमनको क्रममा सो अस्पतालमा आवश्यकता बमोजिम थप वेडहरु विस्तार गर्ने र सोही बमोजिमकर्मचारीको व्यवस्थापन गर्न सुझाव दिईएको छ ।

रेसुङ्गा अस्पताल प्रा.लि. र रेसुङ्गा न.पा. वीच सम्झौता भएपश्चात सो अस्पतालमा कोभिड १९ का विरामीहरुको उपचार सुरुवात गरिएको हो ।

## मुसिकोट न.पा. र ईश्मा गा.पा.मा अनुगमन

प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मा, नेपाल प्रहरी गुल्मी जिल्ला प्रमुख गोपाल चन्द्र भट्टराई, सशस्त्र प्रहरी बल सशस्त्र प्रहरी बल, नेपाल नं. ३७ गुल्मका गुल्मपति अशोक कुमार लम्साल लगायतको संयुक्त टोलिबाट मुसिकोट नगरपालिकाले रुद्रावति वहुमुखी क्याम्पसमा रहेको आईसोलेसन सेन्टर र ईश्मा गाउँपालिकाले निर्माण गरेको हेल्पडेक्सको अनुगमन गरिएको छ ।



*रेसुङ्गा अस्पतालको निरीक्षण गर्दै प्रजिअ शर्मा रेनपा प्रमुख लगायत*



**घर बसौं, सुरक्षित रहौं ।अनिवार्य रुपमा स्वास्थ्य मापदण्डहरुको पालना गरी कोभिड १९ फैलन नदिऔं,आफु बाँचौ अरुलाई पनि बचाऔं ।**

## महेन्द्र माध्यमिक विद्यालयमा २० बेडको आइसोलेसन निर्माण


रेसुङ्गा नगरपालिकाको पहलमा सदरमुकाम स्थित महेन्द्र माध्यमिक विद्यालयमा मा २० वेडको आईसोलेसन तयार गरिएको छ ।उक्त आईसोलेसनको प्रमुख जिल्ला अधिकारी, रेसुङ्गा नगरपालिका गुल्मीका नगर प्रमुख, जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रमुख तथा सरोकारवालाहरुले निरीक्षण गरी विरामीको उपचारका लागी तत्कालै प्रयोगमा ल्याउन निर्देशन भएबमोजिम हाल आईसोलेसनमा उपचार सुरु भएको छ ।



*महेन्द्र मा.वि.को आईसोलेसन कक्षको निरीक्षण गर्दै प्रजिअ लगायत*

## जिल्लास्तरीय कमाण्ड पोष्ट

कोभिड १९ को रोकथाम , नियन्त्रण र उपचारमा सहयोग,समन्वय, सहजिकरण , अनुगमन र निर्देशनको लागि २४ सैं घण्टा कमाण्डपोष्टले कार्य गर्दै आइरहेको छ ।




## निषेधाज्ञाको अनुगमन

मिति २०७८/०१/२६ गते प्रमुख जिल्ला अधिकारी लगायतको सुरक्षा नियकायको टिमले जिल्लामा निषेधाज्ञाको अनुगमन गरेको छ।पास नभएका सवारीलाई नियन्त्रणमा लिई कारवाही गरिएको तथा निषेधित क्रियाकलापहरु बन्द गर्न निर्देशन दिईएको छ ।

लकडाउनको अवधिमा खाद्यान्न लगायत अत्यावश्यक सामाग्रीहरुको अभाव देखाई मुल्यवृद्धि गरी कालोबजारी गर्ने,कृत्रिम अभाव सिर्जना गर्ने,खाद्यान्न आपुर्तिमा अवरोध गर्ने तथा निशेधाज्ञाको अवज्ञा गरेको पाईएमा जिल्ला प्रशासन कार्यालय गुल्मीमा यथाशीघ्र जानकारी गराउनुहुन अनुरोध छ ।

| कमाण्ड पोष्टका पदाधिकारीहरुको सम्पर्क नं. | |
|---|---|
| अध्यक्ष प्र.जि.अ. श्री रुद्रादेवी शर्मा | ९८५७०१७७७७ |
| सदस्य प्र.उ. श्री गोपाल चन्द्र भट्टराई | ९८५७०१५५५५ |
| सदस्य सेनानी श्री डायमण्ड कार्की, | ९८५७०६४८६० |
| सदस्य स.प्र.ना.उ.श्री अशोक कुमार लम्साल | ९८५१०४५७७८ |
| सदस्य प्र.अ.अ. श्री सञ्जय भण्डारी, | ९८५७०६४२५४ |
| सदस्य सचिव स.प्र.जि.अ. श्री नारायण प्रसाद भण्डारी | ९८५७०७९०११ |
| प्र.अ. श्री उद्धव पन्थी | ९८५७०६७२४२ |

घर बसौं, सुरक्षित रहौं ।अनिवार्य रुपमा स्वास्थ्य मापदण्डहरुको पालना गरी कोभिड १९ फैलन नदिऔं आफु बाँचौ अरुलाई पनि बचाऔं ।

## कोभिड १९ विरुद्ध नेपाल पत्रकार महासंघ गुल्मीको गतिविधी

-पत्रकार महासंघ गुल्मी

-जिल्लाका सञ्चार माध्यमहरुलाई कोरोना विरुद्धको सुचना र जनचेतनामुलक समचार प्रशारणका लागि जोड ।

-जिल्लाभरका आईसोलेशनको अवस्थाबारे रिर्पोटिङ्ग गरि यदि व्यवस्थित नभए सम्बन्धित पक्षको ध्यानकृष्ट गराईएको ।सदरमुकाममा रहेको कोभिड ल्याव पुन : संचालनमा ल्याउन सम्बद्ध पक्षको ध्यानकृष्ट गराईएको ।

-मिति २०७८ वैशाख २५ गतेदेखी अक्सिजन अभियान सुरु गरिएको । सो पश्चात अक्सिजन खरिद गरेर गुल्मी अस्पताल र रेसुङ्गा अस्पतालका विरामीहरुको आवश्यकतालाई मध्यनजर गरी वितरण गरिएको छ । यस अभियानलाई सरोकारवालाहरु मार्फत वैशाख मसान्त सम्म ३० लाख सहयोग प्राप्त भएको र पुन : गुल्मीमै अक्सिजन प्लान्ट स्थापना अभियान सुरु गरिएको ।





## बजार अनुगमन

कोभिड १९ को संक्रमण बढिरहेको बेला हुन सक्ने सम्भावित कालोबजारीलाई नियन्त्रण गर्न जिल्ला प्रशासन कार्यालयको अगुवाईमा बजार अनुगमन गरिएको छ । जिल्लाको मुख्य बजार क्षेत्र समेत रहेको जिल्ला सदरमुकाम तम्घासमा खाद्यान्न, तरकारी, फलफुल लगायतका अत्यावश्यक वस्तु तथा सेवाहरु विक्री वितरण गर्ने पसलहरुको अनुगमन गरिएको हो । जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत श्री उद्वव पन्थी, घरेलु तथा साना उद्योग विकास कार्यालका प्रमुख श्री लक्ष्मण घिमिरे लगायतको टोलिले बजार अनुगमन गरेको हो । अनुगमनको क्रममा अनुगमन गरिएका पसलहरुले कसैले पनि मुल्यसूची नराखेको पाईएको छ । त्यसैगरी खाद्यान्नको विक्री दर फरक फरक रहेको, केही पसलहरुमा म्याद गुज्रिसकेका सामानहरु पनि बेचविखन गरेको भेटिएको छ । म्याद गुज्रिसकेका खाद्यपदार्थहरु टोलीले जफत गरि आगामी समयमा त्यस्तो नगर्न लिखित चेतावनी दिएको छ भने सवै पसलहरुमा मुल्य सुची राख्न, विक्री मुल्यमा एकरुपता ल्याउन निर्देशन गरी आगामी समयमा पनि त्यस्तो गरेको पाईएमा प्रचलित कानुन बमोजिम कडा कारवाही गरिने समेत जानकारी गराईएको छ





## कोभिड-१९ नयाँ भेरियन्टको संक्रमण नियन्त्रण तथा रोकथामका लागी जिल्ला प्रहरी कार्यालय गुल्मी तथा मातहत प्रहरी ईकाइबाट बैशाख महिनामा गरिएका मुख्य-मुख्य कार्यहरु

**-जिल्ला प्रहरी कार्यालय गुल्मी**

-कोभिड-१९ नियन्त्रण तथा रोकथामका लगाएतका कार्यहरुका लागी गुल्मी जिल्लामा २५९ जना प्रहरी कर्मचारीहरु निरन्तर रुपमा परिचालन गरिएको ।

-जिल्ला तथा मातहत समेतमा ३ पटकमा अ. १५०७१ जना मानिसहरु लाभाविन्त हुने गरी " **तपाईको मास्क खै** " कार्यक्रम संचालन गरिएको

-जिल्ला प्रहरी कार्यालय तथा मातहत समेतमा निषेधाज्ञाको समयमा अत्याआवश्यक काम बाहेक अनावश्यक रुपमा हिडडुल गर्ने ८९२ जना मानिसहरुलाई होल्ड गरी सम्झाई बुझाई पश्चात छाडिएको ।

-जिल्ला अन्तर्गत निषेधाज्ञा उल्लघन गर्ने साना ठुला गरी १५१ वटा सवारी साधनलाई नियन्त्रणमा लिई कानुन बमोजिम कारबाही गरिएको ।

-जिल्ला तथा मातहत कार्यालयबाट आफ्नो जिम्मेवार एरियामा कोभिड-१९ नयाँ भेरियन्टको संक्रमण रोकथाम तथा नियन्त्रण सम्बन्धि १५ पटक माईकिङ मार्फत सचेतनामूलक कार्यक्रम गरिएको ।

-रिडी, श्रङगा, देउरालीमा चेकप्वाईन्ट मार्फत सवारी साधनमा सवार मानिसहरुले स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरे नगरेको सम्बन्धमा ६० पटक चेकजाँच कार्यक्रम संचालन गरिएको ।

-बिभिन्न वर्कसपहरुबाट ४ थान अक्सिजन सिलिण्डर संकलन गरी राखिएकोमा २ थान भरी सिलिण्डर जिल्ला अस्पताल गुल्मीलाई उपलब्ध गराइएको ।

-जिल्ला तथा मातहत कार्यालय समेतमा नियमित कार्यालय पेरिमिटर सरसफाई गर्नुका साथै कार्यालयको प्रवेशद्धारमा साबुन पानिको व्यवस्था मिलाई अनिवार्य रुपमा साबुन पानीले हात धोई मास्क र सेनिटाईजर लगाएर मात्र प्रवेश गर्ने व्यवस्था मिलाइएको ।

-स्थानीय निकाय तथा सरोकारवाला निकायको सहकार्यमा छिमेकी जिल्लाहरु संग सिमाना जोडिएका नाका रिडी, सौतामारेमा न्युनतम स्वास्थ्य सामाग्रीहरु सहित Health-Desk स्थापना गरी चेक जाँचको व्यवस्था मिलाइएको । सो बाहेक उक्त हेल्थ डेस्कबाट निम्न बमोजिम सम्पादन गरिएको ।

- आगन्तुक मानिसहरको सम्बन्धमा बिस्तृत रुपमा अभिलेखिकरण गर्ने ।
- थर्मलगनको माध्यमबाट आगन्तुकहरुको टेम्पेचर चेक गरी कोभिडको लक्षण देखिएका व्यक्तिहरुलाई सुरक्षित रुपमा निजको घर ठेगाना मा पुग्ने ब्यबस्था मिलाइएको ।
- भारत लगाएत संक्रमण जोखिम उच्च भएका स्थानबाट जिल्ला प्रवेश गर्ने व्यक्तिहरुको अभिलेख सम्बन्धित पालिकामा पठाई निजहरुलाई क्वारेन्टीन वा आईसोलेसन राख्न लगाइएको ।
- आगन्तुक वा अन्य समस्याहरुको समाधानका लागी आवश्यक सहजीकरण गर्ने ।

-बिभिन्न पालिकाहरुले आ-आफ्नो पालिकामा स्थापना गरेको हेल्थ डेस्कहरुमा चौबिसै घण्टा परिचालन भई आवश्यक सहयोग पुर्याडएको ।

-कार्यालयमा रहेको जनशक्तिलाई तत्काल सुरक्षित साथ परिचालन हुन सक्ने गरी Stand by राखिएको ।

-लक डाउनको समयमा अत्यावश्यक सेवा संचालनमा सरोकारवाला निकायसंग संमन्वय गरी अत्यावश्यक सेवा संचालनमा सहजिकरण गरिएको ।

-शव व्यवस्थापनका लागी मुचुल्का तयार गर्ने लगाएतका कार्यहरुमा सहजीकरण गरिएको ।

## श्री संग्राम शार्दुल गुल्म धागिथुमबाट कोभिड १९ सम्बन्धी गरेका कार्यहरुको विवरण

-संग्राम शार्दुल गुल्म,धागिथुम गुल्मी

| सि.नं. | मिति | विवरण |
|---|---|---|
| १. | मिति २०७८।०१।०८ गते | कोभिड-१९ बाट आफु कसरी बच्ने र बचाउने सम्बन्धि " तपाईको मास्क खोई " जनचेतनामूलक कार्यक्रम संचालन |
| २. | मिति २०७८।०१।२१ गते | रेसुङ्गा नगरपालिका-१ चिरिचौर स्थित महेन्द्र मा.वि.मा २० वेडको क्षमताको Isolation वार्ड निर्माण कार्यमा सहयोग |
| ३. | मिति २०७७/०१/१२ गते | छत्रकोट गाउपालिका वडा नं. ३ निवासी बर्ष ४५ का हिरा सिंह सार्कीलाई कोभिड-१९ पोजेटिभ भई निधन भएकोमा शव व्यवस्थापन टोलीले सोही गाउपालिकाको स्थानीय सामूदायीक बनमा शव ब्यवस्थापन निर्देशिका - २०७७ बमोजिम शव व्यवस्थापन गरेको । |
| ४. | मिति २०७७/०१/२७ गते | रेसुङ्गा नगरपालिका वडा नं. १ निवासी बर्ष ५८ की पार्वता गौतमलाई कोभिड-१९ पोजेटिभ भई निधन भएकोमा शव व्यवस्थापन टोलीले सोही रुरु गा.पा.-३ रिडी स्थित रिडी खोलामा शव ब्यवस्थापन निर्देशिका - २०७७ बमोजिम शव व्यवस्थापन गरेको । |

## कोभिड-१९ रोकथाम तथा नियन्त्रणका लागि सशस्त्र प्रहरी बल, नेपाल नं. ३७ गुल्म हे.क्वा.गुल्मीबाट गरिएका कार्य विवरण

- सशस्त्र प्रहरी बल, नेपाल नं. ३७ गुल्म हे.क्वा.गुल्मी

१. समय समयमा सदरमुकाम तथा जिम्मेवारी ईलाका भित्र कोभिड-१९ रोकथाम तथा नियन्त्रण सम्बन्धी जनचेनामुलक सन्देशहरु सहित अनुगमन डियुटी गरिएको ।

२. जिल्ला गुल्मी रेसुङ्गा न.पा.-९ देउरालीमा हेल्थडेक्स स्थापना गरी करिब १ महिना डियुटी खटाई आवतजावत गर्ने पैदल यात्रीहरुको तापक्रम मापन गर्ने तथा स्वास्थ्य परामर्श दिने कार्य गरेको ।

३. जिल्ला गुल्मी रेसुङ्गा न.पा.-७ नेटा स्थित गुल्मी र अर्घाखाँची जिल्लाको नाकामा करिब १ (एक) महिना डियुटी परिचालित भई भारत तथा अन्य स्थानहरुबाट आउने व्यक्तिहरुलाई होल्ड गरी सम्बन्धित स्थानिय तहको क्वारेन्टाईनमा पठाउने व्यवस्था गरिएको ।

४. मिति २०७८/०१/१८ गते देखि मिति २०७८/०२/०४ गते सम्म गुल्मी जिल्लामा लागु भएको निषेधाज्ञा प्रभावकारी रुपमा कार्यान्वयन गराउन माईकिङ्ग गरी स्थानिय बासिन्दाहरुलाई सचेत गराईएको एवं व्यापक रुपमा मोबाईल तथा पैदल गस्ती परिचालन गरिएको ।

५. जिल्ला गुल्मी रेसुङ्गा न.पा.-९ उपल्लोतम्घास स्थित स्थापना भएको आईसोलेशन केन्द्रमा २४ सै घण्टा परिचालित भई सुरक्षा प्रदान गरेको ।

६. जिल्ला गुल्मी रेसुङ्गा न.पा.-१२ उर्लेनी चोकमा २४ सै घण्टा डियुटी परिचालित भई सवारी साधनहरुले स्वास्थ्य सुरक्षा सम्बन्धी उपायहरुको पालना गरे/नगरेको चेकजाँच गर्नुका साथै स्वास्थ्य परामर्श दिने एवं मास्क नलगाएका यात्रुहरुलाई निशुल्क मास्क वितरण गर्ने गरेको ।

७. समय समयमा कोभिड-१९ संक्रमण नियन्त्रण गर्नको लागि स्थानिय बासिन्दाहरुलाई साबुन पानीले हात धुने, मास्क सुरक्षित तवरले लगाउने तरिका बारेमा जनचेतनामुलक कार्यक्रम संचालन गर्दै निशुल्क रुपमा मास्क वितरण गरेको ।

८. समय समयमा सामाजिक दुरी कायम गर्न तम्घास बजार लगायत अन्य भिडभाड हुने ईलाकामा सीमा रेखा (गोलो घेरा) बनाउने कार्यमा सहयोग गरेको ।

## DCCMC गुल्मीले वैशाख महिनामा गरेका निणर्यहरु

**बैठक संख्या २० मिति २०७८/०१/०७ गते**

१. हाल विश्वभर फैंलिदै गइरहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ महामारी यस जिल्लामा समेत बढ्दै गएको सन्दर्भमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७८/०१/०६ गतेको निर्णयानुसार देहाय बमोजिम गर्ने गराउने निर्णय गरियो ।

क. विद्यालय र कलेजका पूर्व निर्धारित परीक्षा तथा चिकित्सा शिक्षाका सबै किसिमका प्रयोगत्मक कक्षा जनस्वास्थ्यका मापदण्ड पालना गरी सञ्चालन गर्ने । विद्यालय तथा कलेजमा पूर्णरुपमा जनस्वास्थ्यका मापदण्ड पालना गराउने । विद्यालय तथा कलेजमा संक्रमण बढेको पाइएमा संक्रमण देखिएको विद्यालय/कलेजमा मात्र स्थानीय तहले निश्चित समयको लागि बन्द गर्ने र सो को जानकारी DCCMC, गुल्मीलाई गराउने ।

ख. देहायका सेवा तथा कार्यहरु २०७८ वैशाख मसान्तसम्म बन्द गर्ने ।

- सिनेमा हल, पार्टी प्यालेस, डान्स वार, दोहोरी, नाचघर, क्लव, हेल्थ क्लव, जिम खाना, स्विमिङ पुल, फुटसल, आमसभा, जुलुस, रङ्गशालामा हुने दर्शक सहितको खेलकुद र मानिसहरुको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम बन्द गर्ने ।
- नियमित हुने नित्य पूजा, ध्यान र प्रार्थना बाहेक मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च, लगायतका धार्मिक स्थलहरु बन्द गर्ने।

ग. एक पटकमा पच्चीस जना भन्दा बढी हुन नहुने गरी सपिङ मल, डिपार्टमेण्टल स्टोर सञ्चालन गर्ने ।

घ. मेला, महोत्सव, जात्रा, पर्व, विवाह, न्वारन, पास्नी, व्रतबन्ध, धार्मिक अनुष्ठान, मलामी लगायतका अत्यावश्यक परम्परागत धार्मिक तथा सांस्कृतिक क्रियाकलापहरु सञ्चालन गर्दा २५ जना भन्दा बढी नहुने र जनस्वास्थ्यका मापदण्डको पालना हुने गरी मात्र सञ्चालन गर्ने । विवाह वा व्रतब्धका लागि पार्टी प्यालेस प्रयोग गर्नुपर्ने भएमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी प्रमुख जिल्ला अधिकारीको पूर्व स्वीकृति लिई २५ जनामा नबढ्ने गरी गर्ने ।

ङ. सभा, सम्मेलन, गोष्ठी, सेमिनार, समीक्षा बैठक, तालीम, प्रशिक्षण जस्ता क्रियाकलापहरु सञ्चालन गर्दा भर्चुअल माध्यमबाट गर्ने । भौतिक रुपमा उपस्थित भई गर्नै पर्ने भएमा बढीमा २५ जना मात्र सहभागी रहने गरी जनस्वास्थ्यका मापदण्ड पालना गरी सञ्चालन गर्ने ।

तर सुरक्षा निकायको आन्तरिक तालिमको हकमा जनस्वास्थ्यका मापदण्ड पालना हुने व्यवस्था मिलाई सञ्चालन गर्न सकिने ।

२. सार्वजनिक यातायात सञ्चालन सम्बन्धमा देहाय बमोजिम गर्नेः-

क. सिट क्षमता भन्दा बढी यात्रु नराखे,

ख. सबै यात्रुलाई मास्क अनिवार्य गर्ने,

ग. सवारी साधनको ढोकामा र सवारी साधनभित्र सेनिटाइजरको व्यवस्था गर्नुपर्ने,

घ. चालक तथा सहचालले मास्क र भाइजर लगाउनु पर्ने,

ङ. सवारी साधनलाई दैनिक रुपमा निसङक्रमित गर्नु पर्ने,

च. सार्वजिक यातायातमा कुनै यात्रुले मास्क नलगाई आएमा चालक वा सहचालकले बढीमा दश रुपैयाँ लिई मास्क उपलब्ध गराउनु पर्ने,

छ. मास्क नलगाउने व्यक्तिलाई सवारी साधनमा प्रवेश गर्न नदिने,

ज. लामो दुरीमा चल्ने सार्वजनिक यातायातम बीच बाटोमा थप यात्रु नचढाउने गरी शुरु गन्तव्य देखि अन्तिम गन्तव्यसम्म यातायात सञ्चालन गर्ने र यात्रुहरुको विवरण जिल्ला कोभिड -१९ सङ्कट व्यवस्थापन केन्द्र ( DCCMC), गुल्मीलाई उपलब्ध गराउने ।

३. कार्यालय र पसल जस्ता सार्वजनिक स्थलमा सेनिटाइजर र माक्सको प्रयोग अनिवार्य गर्ने । मास्क लगाएर मात्र व्यक्तिलाई कार्यालय तथा पसलमा प्रवेश गर्न दिने व्यवस्था मिलाउने ।

४. होटेल तथा रेष्टुरेन्टले विहान ८ बजेदेखि बेलुका ८ बजेसम्म जनस्वास्थ्य सम्बन्धी मापदण्डको पालना गरी सेवा दिने र सो समय पश्चात टेकअवे र होम डेलिभरी सेवा मात्र उपलब्ध गराउने ।

५. राष्ट्रिय राजमार्गहरुमा सञ्चालित होटेल तथा रेष्टुरेण्टहरुले जनस्वास्थ्यका मापदण्डहरु पालना गरी भिडभाड नहुने व्यवस्था मिलाई आलोपालो गरी सेवा दिने ।

६. सार्वजनिक तथा निजी सेवा प्रदायकले सम्भव भएसम्म विद्युतीय प्रणाली मार्फत सेवा प्रदान गर्ने व्यवस्था मिलाउने ।

७. नियमित रुपमा सञ्चालन हुनु पर्ने स्वास्थ्य सेवाहरु जनस्वास्थ्यका मापदण्ड पालना गरी नियमित सञ्चालन गर्ने ।

८. कोभिड-१९ को रोकथाम नियन्त्रण उपचार र अनुगमनका लागि नेपाल सरकार , मन्त्रिपरिषद्को निर्णयानुसार स्थानीय तहले देहायबमोजिम गर्न अनुरोध गर्ने:-

क. १५ बेडसम्म क्षमता भएका सरकारी सामुदायिक , गैरसरकारी र निजी अस्पतालसँग सङ्क्रमितको उपचारका लागि सम्झौता गर्ने, अनुगमन गर्ने र शोधभर्ना भुक्तानीका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा सिफारिस गरी पठाउने

ख. होम क्वारेन्टिन र होम आइसोलेसनमा रहेका व्यक्तिले स्वास्थ्य निगरानी तथा अनुगमन गरी थप जाँच वा उपचार आवश्यक पर्ने देखिएमा प्रयोगशाला र अस्पतालसँग समन्वय गरी त्यस्तो संस्थासम्म पुर्याउने काममा सहजीकरण गर्ने ।

ग. कोभिड -१९ को लक्षण भएका व्यक्तिको एन्टिजेन परीक्षण गर्ने र नतिजा नेगेटिभ आएका व्यक्तिको पी.सी.आर. परीक्षण गर्ने व्यवस्था मिलाउने । नतिजा पोजेटिभ आएका व्यक्तिको निकट सम्पर्कमा आएका व्यक्तिको पहिचान गरी एन्टिजेन परीक्षण गर्ने ।

घ. आवश्यकता अनुसार आफ्नो स्थानीय तह भित्र स्वाव सङ्कलन गर्ने व्यवस्था मिलाउने ।

ङ. स्थानीय तह अन्तर्गतका स्वास्थ्य संस्थामा चिकित्सक, स्वास्थ्यकर्मी तथा अन्य आवश्यक जनशक्ति तथा आवश्कयता अनुसार स्वयं सेवक परिचालन गर्ने गराउने ।

च. स्थानीय तहमा द्रुत प्रतिकार्य समूह गठन गरी तयारी अवस्थामा राख्ने ।

छ. कोभिड -१९ का कारण मृत्यु भएका व्यक्तिको शवको व्यवस्थापन वा अन्त्येष्टी गर्दा आफ्नो धर्म परम्परा र संस्कृति अनुसार सम्बन्धित परिवार वा समुदायको पच्चीस जना भन्दा बढी मलामी नहुने गरी जनस्वास्थ्यका मापदण्डको पूर्ण पालना गरी गर्ने व्यवस्था मिलाउने । तर सो बमोजिम गर्न सम्भव नभएमा "कोभिड-१९ का कारण मृत्यू भएका व्यक्तिको शव व्यवस्थापन सम्बन्धी संक्षिप्त कार्यविधि, २०७६" अनुसार नेपाली सेनाले गर्ने।

ज. क्वारेन्टिन, आइसोलेसन, केश इन्भेस्टिगेसन, कन्टयाक्ट ट्रेसिङ, उपचार व्यवस्थापन, परीक्षण लगायत अत्यावश्यक सामग्री खरिद तथा जनशक्ति परिचालनका लागि आवश्यक व्यवस्था मिलाउने ।

झ. सार्वजनिक यातायातमा यात्रु चढ्न र ओर्लिन निर्धारण गरिएको स्थानमा सेनिटाइजर वा हात धुने साबुन पानीको व्यवस्था मिलाउने ।

ञ. उपयुर्क्त कार्यहरुमा सहयोग तथा सहजरीकरण गर्न विद्यमान टोल सुधार समिति वा उपभोक्ता समितिलाई परिचालन गर्ने र आवश्कता अनुसार त्यस्ता समिति गठन गरी परिचालन गर्ने ।

९. कोभिड-१९ को रोकथाम, नियन्त्रण उपचार र निगरानीका लागि टोल सुधार समिति वा उपभोक्ता समितिले देहाय बमोजिम गर्न अनुरोध गर्ने-

क. कोभिड -१९ सम्बन्धमा व्याप्त भ्रम हटाउने , समुदायम सही सूचना सम्प्रेषण गर्ने तथा जनस्वास्थ्यका मापदण्डहरु पालना गर्न प्रोत्साहन गर्ने ।

ख. परीक्षण, क्वारेन्टिन, आइसोलेसन तथा उपचारको लागि सम्पर्क गर्न आवश्यक सहयोग गर्ने ।

ग. देहायबमोजिमको सूचना सम्बन्धीत स्थानीय तहलाई दिने ।

- क्वारेन्टिन वा आइसोलेसन बस्नु पर्ने व्यक्ति क्वारेन्टिन वा आइसोलेसनमा बसे नबसेको ।
- सार्वजनिक स्थानमा साबुन पानीले हात धुने लगायत जनस्वास्थ्यका मापदण्डहरु पालना भए नभएको ।

घ. घर वा होटेल , क्वारेन्टिन वा आइसोलेसनमा बसेका व्यक्तिलाई आवश्यकता अनुसार स्वास्थ्य सम्बन्धी जानकारी उपलब्ध गराउने तथा परामर्श दिने , आवश्यकता अनुसार फलोअप गर्ने र सूचना अद्यावधिक गर्न कन्टयाक्ट ट्रेसिङ समूहलाई सहयोग गर्ने।

ङ. साठी वर्ष माथिका नागरिक ,दीर्घ रोग भएका व्यक्तिलाई घर बाहिर नजान अनुरोध गर्ने र जानै पर्ने अवस्था भएमा जनस्वास्थ्यका मापदण्ड पालना गरी गन्तव्यसम्म पुग्न र फर्किन सहजीकरण गर्ने ।

च. कोभिड १९ विरुद्धको अभियानमा स्थानीय तहसँग संस्था , क्लव, शिक्षक तथा स्वयं सेवक परिचालनका लागि स्थानीय तहलाई सहयोग गर्ने ।

१०. कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार र निगरानीका लागि आम नागरिकले देहायबमोजिम गर्नेः-

क. अत्यावश्यक काम नपरी अनावश्यक रुपमा बाहिर हिडडुल नगर्ने,

ख. घर बाहिर निस्कँदा , सार्वजनिक स्थल , कार्यालय , पसलमा जाँदा अनिवार्य मास्क लगाउने , प्रयोग भएको मास्क जथाभावी नफ्याँक्ने सुरक्षित डस्विनमा राख्ने,

ग. विदेशबाट नेपाल आउँदा वा निकट सम्पर्कमा रहि कन्ट्र्याक ट्रेसिङमा परेमा परीक्षणबाट नतिजा नेगेटिभ भए तापनि कम्तीमा १० दिन होम क्वारेन्टिनमा अनिवार्य रुपमा बस्ने ।

घ. पी.सी.आर.परीक्षणका लागि प्रयोगशालामा स्वाव दिए पछि नतिजा नआएसम्म बाहिर हिँडडुल , भेटघाट र बैंठक नगर्ने ।

ङ. अन्य व्यक्तिले जनस्वास्थ्यका मापदण्ड पालना नगरेमा स्थानीय तह , स्थानीय प्रशासन , स्वास्थ्य संस्था , टोल सुधार समिति, उपभोक्ता समित वा सम्बद्ध अन्य निकाय वा संस्थालाई यथाशीघ्र जानकारी गराउने ।

च. होम आइसोलेसनमा बसेका व्यक्ति स्वास्थ्यकर्मीको नियमित सम्पर्कमा रहने र स्वास्थ्य सम्बन्धी कुनै समस्या भएमा तुरुन्तै नजिकको अस्पतालमा जाने ।

११. जिल्लास्तरको कोभिड-१९ को परीक्षणको लागि तयार कोभिड ल्याव संचालन गर्न लाग्ने खर्चको अनुमान गुल्मी अस्पतालले ३ दिन भित्र तयार गरी ल्याव संचालन गर्न आवश्यक बजेटको व्यवस्थाको लागि प्रदेश सरकारलाई अनुरोध गर्ने । दिर्घकालीन ल्याव संचालनमा ल्याउने सम्बन्धमा CCMC मा अनुरोध गर्ने ।

१२. जिल्लास्थित सबै अस्पताल तथा स्वास्थ्य संस्थाले फिभर क्लिनिक संचालनमा ल्याउने। यसको समन्वय गुल्मी अस्पताल र स्वास्थ्य कार्यालयले गर्ने ।

१३. मास्क खै ? अभियान संचालन गर्ने । १ हप्तासम्म सुधार नभएमा मास्क नलगाउनेलाई जरिवाना लिने ।

१४. सबै व्यक्ति, संस्था, निकाय र सरोकारवालाले स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गराउने ।

१५. कोभिड-१९ को रोकथाम, नियन्त्रणको लागि सबै सरोकारवाला निकायले संचार माध्यमबाट प्रचार प्रसार गर्ने ।

१६. उल्लेखित आदेशहरुको अवज्ञा गर्ने जोसुकैलाई संक्रामक रोग ऐन २०२० , र स्थानीय प्रशासन ऐन , २०२८ बमोजिम कारवाही हुने ।

बैठक संख्या : १८ मिति २०७७/१२/११

आज मिति २०७७।१२।११ गतेका दिन District COVID-१९ Crisis Management Center (DCCMC), गुल्मीका संयोजक प्रमुख जिल्ला अधिकारी श्री रुद्रादेवी शर्माज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बैठक बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति

सल्लाहकार

प्रमुख श्री लक्ष्मण पराजुली, जिल्ला समन्वय समिति, गुल्मी

नगरप्रमुख श्री डिल्लीराज भुसाल, रेसुङ्गा नगरपालिका, गुल्मी

| पद | नाम थर | कार्यालय/संघ/संस्था | हस्ताक्षर |
|---|---|---|---|
| संयोजक एवं प्र.जि.अ. | श्री रुद्रादेवी शर्मा | जिल्ला प्रशासन कार्यालय, गुल्मी | |
| सदस्य- प्र.उ. | श्री गोपाल चन्द्र भट्टराई | जिल्ला प्रहरी कार्यालय, गुल्मी | |
| सदस्य- जि.स.अ. | श्री विजय कुमार कार्की | जिल्ला समन्वय समिति, गुल्मी | |
| सदस्य- सेनानी | श्री डायमण्ड कार्की | संग्राम शार्दुल गुल्म, धागिथुम, तम्घास | |
| सदस्य- स.प्र.ना.उ. | श्री अशोक कुमार लम्साल | स.प्र.बल नेपाल नं. ३७, हे.क्वा. गुल्म | |
| सदस्य- प्र.अ.अ | श्री सञ्जय भण्डारी | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, गुल्मी | |
| सदस्य- | डा. [illegible] | गुल्मी अस्पताल, तम्घास | |
| सदस्य | पशुपति आचार्य | स्वास्थ्य कार्यालय, गुल्मी | |
| आमन्त्रित | | | |
| कार्यालय सदस्य | कृष्ण सुनार | ने.क.पा. (एमाले) | |
| सदस्य | श्री प्रदीप मल्ल | नेपाली काँग्रेस | |
| [illegible] | [illegible] | ने.क.पा (माओवादी केन्द्र) | |
| उपाध्यक्ष | [illegible] | जनता समाजवादी पार्टी | |
| | | राष्ट्रिय प्रजातन्त्र पार्टी | |
| जि.स. | हरि [illegible] | राष्ट्रिय जनमोर्चा पार्टी | |
| महासचिव | [illegible] | गुल्मी उद्योग वाणिज्य संघ | |
| | | गुल्मी च्याम्बर्स अफ कमर्स | |
| संयोजक | [illegible] | नागरिक समाज, गुल्मी | |
| | | नागरिक समाज नेपाल | |
| | | नेपाल पत्रकार महासंघ गुल्मी | |
| अध्यक्ष | प्रेमराज कँडेल | होटल व्यवसायी संघ, गुल्मी | |
| जि.शा.अ | कृष्ण प्र. [illegible] | नेपाल रेडक्रस सोसाइटी, गुल्मी | |
| इन्चार्ज | महेश [illegible] | पश्चिम नेपाल वस व्यवसायी संघ | |
| | | गुल्मी यातायात व्यवसायी संघ | |
| [illegible] | सुमन सापकोटा | स्वास्थ्य कार्यालय | |
| | भरत [illegible] | [illegible] | |
| | अखिलेश्वर प्रसाद पाण्डेय | ने.क.पा ९ वडा अध्यक्ष | |

## जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रका निर्णयहरु

हाल कोभिड-१९ को प्रकोप छिमेकी मुलुक भारतमा थप क्रियाशिल भई संक्रमण र मृत्युदरमा वृद्धि भएको सन्दर्भमा खुला सिमानाका कारण मानिसहरुको आवतजावत बढी भएको देखिएकोले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले विज्ञप्ती मार्फत स्वास्थ्य सचेतना अपनाउन अनुरोध गरिसकेको सन्दर्भमा गृह मन्त्रालय शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाबाट मिति २०७७/१२/०९ मा निर्देशन समेत भएकोले निम्न बमोजिमको सावधानी अपनाउने कार्य गर्नु गराउनुहुन देहाय बमोजिम निर्णय गरियो ।

देहाय

- अनावश्यक रुपमा भिडभाड, जुलुस, ऱ्याली नगर्ने नगराउने ।
- निकट रहेको फागु पूर्णिमा (होली) को अवसरमा परिवार भित्र मात्र होली मनाउनुहुन ।
- कोभिड-१९संक्रमणको सम्भावनालाई मध्यनजर गरी पहिले सञ्चालनमा आएका क्वारेन्टिन, आईसोलेसन केन्द्रलाई तयारी अवस्थामा राखी स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने सेवालाई अझ प्रभावकारी बनाउन स्थानीय तह र स्वास्थ्य कार्यालयले आवश्यक तयारी गर्ने ।
- मास्क सबैले अनिवार्य रुपमा लगाउने, सामाजिक दूरी, साबुन पानी वा सेनिटाइजरले हात धुने व्यवस्थालाई पालना गर्नु गराउनुहुन ।
- कोभिड-१९ संक्रमण थप फैलिन नदिन सबै स्थानीय तह, जनस्वास्थ्य कार्यालय सम्बन्धित संघ संस्थाहरुले विद्युतीय माध्यम तथा सञ्चार माध्यमबाट चेतनामुलक सन्देश प्रशारण गर्ने ।
- होटल रेष्टुरेन्ट मदिरा विक्री वितरण उपभोग लगायतका व्यवसायहरु राती ८ बजे पछि वन्द गर्ने ।
- अस्पताल र स्वास्थ्य संस्थाहरुले महामारी व्यवस्थापनका लागि आवश्यक तयारी गर्ने ।
- सम्बन्धित स्थानीय तह स्वास्थ्य कार्यालयले रुरु गाउँपालिकाको रिडी र मदाने गाउँपालिकाको पुर्कोट दहको प्रवेश बिन्दुहरुमा Help Desk को व्यवस्था गरी लक्षण देखिएका मानिसहरुको कोभिड-१९ को Antigen Test को व्यवस्था मिलाउने ।
- विदेशबाट आउने नागरिकहरुको प्रवेश बिन्दुमा स्थानीय प्रहरी र Help Desk ले अभिलेख राख्ने व्यवस्था मिलाउने ।
- सवारी साधनमा सिट क्षमता भन्दा वढि यात्रु नराख्ने, अनिवार्य मास्क तथा सेनीटाइजरको व्यवस्था यातायात व्यवसायीहरुले मिलाउने ।
- सरकारी, गैरसरकारी निजी क्षेत्र, विद्यालय/ कलेजहरु, व्यवसायी, संघ, संस्थाहरुले स्वास्थ्य सुरक्षाका मापदण्ड कडाइका साथ पालना गराउने ।
- निर्माण व्यवसायीहरुले विदेशबाट कामदारहरु ल्याउदा अनिवार्य रुपमा Antigen Test गरी नेगेटिभ रिपोर्ट आएकालाई मात्र निर्माण सम्बन्धि काममा लगाउने ।

रुद्रा देवी शर्मा
प्रमुख जिल्ला अधिकारी

बैठक संख्या : २२ मितिः२०७८/०१/१७

**DCCMC, गुल्मीको बैठकका निर्णयहरु ।**

१. जिल्लामा दोस्रो चरणको नयाँ भेरियन्ट सहितको कोभिड-१९ संक्रमण रोकथाम नियन्त्रण र व्यवस्थापनका लागि हालसम्म भएका प्रयासहरुको वारेमा जानकारी गराइयो । मिति २०७८।१।१७ गतेसम्म गुल्मी जिल्लामा २०६ जना सक्रिय संक्रमित रहेका र १ जनाको अस्पतालमा उपचार भइरहेको ६ जनाको मृत्यु भएको तथा १९९ जना होम आइसोलेसनमारहेको जानकारी प्राप्त भयो । जिल्लामा संक्रमितको दर अत्यधिक बढेकाले मिति २०७८/०१/१८ गते शनिवार राती १२:०० बजे देखि २५ गते शनिवार राती १२:०० सम्म निषेधाज्ञा जारी गर्न प्रमुख जिल्ला अधिकारीलाई सिफारिस गर्ने ।

२. निषेधाज्ञा अवधिभर औषधी उपचार तथा अत्यावश्यक काम बाहेक कुनै पनि व्यक्ति घर बाहिर ननिस्कने।

३. सवै प्रकारका गोष्ठी, तालिम, सभा, सम्मेलन, सेमिनार गर्न मानिसहरु जम्मा हुन, भिडभाड गर्न, सभा जुलुस गर्न, जात्रा महोत्सव गर्न तथा कुनै पनि प्रकारको खेलकुद संचालन गर्न निषेध गर्ने।

४. एम्बुलेन्स, दमकल, शववाहन, अत्यावश्यक खाद्य सामग्री तथा पशुपंक्षीका दाना, दूध, फलफूल, तरकारी, माछा, मासु, पानी, ग्यांस, पेट्रोलियम पदार्थ, निर्माण सामग्री बोकेका सवारी साधनहरु, औद्योगिक कच्चा पदार्थ बोकेका सवारी साधनहरु, चिकित्सक तथा स्वास्थकर्मीहरुले ड्युटी जान आउन प्रयोग गर्ने सवारी साधनहरु, औषधी तथा स्वास्थ सामग्री बोकेका सवारी साधनहरु, क्वारेनटिन तथा आइसोलेसनमा बिरामीको उपचारमा खटिएका सवारीसाधन, प्रेस पास तथा परिचयपत्र वाहक संचारकर्मीहरुले प्रयोग गरेका सवारी साधनहरु बाहेक गुल्मी जिल्लाभर यात्रुवाहक सार्वजनिक तथा निजी सवारी साधनहरुको संचालनमा रोक लगाउने तर गुल्मी जिल्ला भएर अन्य निषेधाज्ञा जारी नभएका जिल्ला जाने सवारी साधनहरु गुल्मी जिल्लामा यात्रु ओराल्न र चढाउन नपाउने गरी संचालन गर्न दिने। निर्माण तथा खाद्यसामाग्रीका सवारी साधनमा चालक तथा सहचालक मात्र रहन पाउनेछन् ।

५. विद्यालय, शिक्षालय, तालिमकेन्द्र, सिनेमा हल, पार्टी प्यालेस, होटल, रेष्टुरेन्ट, नांचघर, क्लव, फुटसल, जिमखाना, व्युटी पार्लर, शैलुन, सुनचांदी पसल, टेलरिङ्ग, फुटपाथ पसलहरु लगायतका सेवा एवं स्थलहरु नखोल्ने तथा संचालन नगर्ने ।

६. विवाह, व्रतवन्ध एवम् अन्य संस्कारजन्य कार्यक्रमहरु घरमै संचालन गर्नुपर्ने र त्यस्ता कार्यक्रममा स्वास्थ सुरक्षाका मापदण्ड अनिवार्य रुपमा अपनाई २५ जना भन्दा बढी सहभागि हुन नपाइने ।

७. औषधी एवम् स्वास्थ सामग्रीका पसलहरु २४ सै घण्टा खुल्ला रहने ।अत्यावश्यक दैनिक उपभोगका खाद्य सामग्री, दूध, फलफूल, तरकारी, माछा, मासु, पानी, ग्यांस, पेट्रोलियम पदार्थ तथा निर्माण सामग्रीका पसलहरु दिनमा १ पटकमात्र विहान ७.०० वजेबाट ९.०० वजेसम्म मात्र संचालन गर्न

१

बैठक संख्या : २२ मितिः२०७८/०१/१७

**DCCMC, गुल्मीको बैठकका निर्णयहरु ।**

पाउने। होटल तथा रेष्टुरेन्टहरुले विहान १०.०० वजेबाट दिउसो १२.०० वजेसम्म मात्र टेक अवे सेवा संचालन गर्न सक्ने।

८. स्वास्थ सुरक्षा, संचार, विद्युत, खानेपानी, दमकलबाटबाहेक अन्य सरकारी तथा गैरसरकारी कार्यालय तथा निकायहरुबाट प्रदान गरिने सवै प्रकारका सेवाहरु बन्द गर्ने ।

९. बैंक तथा वित्तिय संस्थाले विहान १० बजे देखी दिउसो १२ बजेसम्म सेवा संचालन गर्ने ।

१०. मठ मन्दिरहरु तथा विभिन्न धार्मिक स्थलहरुमा परम्परागत रुपमा गरिने नित्य पुजा वाहेक अन्य सम्पूर्ण धार्मिक सांस्कृतिक गतिविधीहरु बन्द गर्ने ।

११. अत्यावश्यक उपभोग्य तथा खाद्यवस्तुको आपूर्तीको व्यवस्था गुल्मी उद्योग वाणिज्य संघ तथा च्याम्बर्स अफ कमर्सले मिलाउने ।

१२. औषधी तथा अत्यावश्यक उपभोग्य वस्तु तथा सेवाको आपूर्तीमा कृत्रिम अभाव सिर्जना गर्ने, मूल्यवृद्धि गर्ने, लुकाउने, सहज आपूर्तीमा अवरोध गर्ने उपर कारवाही गरिनेछ ।

१३. गुल्मी अस्पतालमा आइसोलेसन बेड विस्तार गर्न पूर्वाधार संरचनाको कमी भएकोले तुरुन्तै तयार गर्न सकिने प्रि-फ्याक्स संरचनाको लागि आन्तरिक मामिला तथा कानून मन्त्रालय, लुम्बिनी प्रदेशमा अनुरोध गर्ने ।

१४. आयोजनामा काम गर्ने कामदारलाई कार्यस्थलमै रहने व्यवस्था मिलाई विकास निर्माणका आयोजना सुचारु गर्ने ।

१५. विवाह प्रयोजनको लागि शुभ विवाह लेखिएको ब्यानर सहित बढीमा २ वटा गाडीमा १५ जनासम्मलाई नजिकको प्रहरी चौकीबाट सहजीकरण गर्ने ।

१६. उपर्युक्तानुसारको निर्णय कार्यान्वयन गराउन नेपाल प्रहरी, सशस्त्र प्रहरी वलका अतिरिक्त आवश्यकतानुसार स्थानीय प्रशासन ऐन २०२८ को दफा ६ को उपदफा २ बमोजिम नेपाली सेनाको समेत सहयोग लिने ।

२

# प्रमुख जिल्ला अधिकारीज्यू बाट विभिन्न मितिमा जारी भएका आदेशहरु

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तम्घास, गुल्मी

फोन नं. ०७९-५२०१३३ प्र.जि.अ.
फोन नं. ०७९-५२०२४२/५२०८३३
फ्याक्स नं.०७९-५२०२८४
daogulmi2046@gmail.com
noticeboard 1618079520833
daogulmi.moha.gov.np
facebook.com/daogulmi

## प्रमुख जिल्ला अधिकारीबाट कोभिड-१९ सङ्क्रमण नियन्त्रण तथा रोकथाम सम्बन्धी जारी भएको आदेश ।

हाल विश्वभर फैलिदै गइरहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ संक्रमण यस जिल्लामा समेत देखिन थालेकोले नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७८/०१/०६ गतेको निर्णयानुसार मिति २०७८/०१/०७ गते बसेको जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC), गुल्मीको निर्णय तथा संक्रामक रोग ऐन, २०२० को दफा २ को उपदफा २ एवं स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (३) बमोजिम देहायको आदेश जारी गरिएको छ ।

१. विद्यालय/कलेजका पूर्व निर्धारित परीक्षा तथा कक्षा जनस्वास्थ्यका मापदण्ड पालना गरी सञ्चालन गर्ने ।

२. देहायका सेवा तथा कार्यहरु २०७८ वैशाख मसान्तसम्म बन्द गर्ने ।
   - सिनेमा हल, पार्टी प्यालेस, क्लव, जिम खाना, स्विमिङ पुल, फुटसल, आमसभा, जुलुस, रङ्गशालामा हुने दर्शक सहितको खेलकुद र मानिसहरुको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम बन्द गर्ने ।
   - नियमित हुने नित्य पूजा, ध्यान र प्रार्थना बाहेक मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च, लगायतका धार्मिक स्थलहरु बन्द गर्ने।

३. एक पटकमा पच्चीस जना भन्दा बढी हुन नहुने गरी सपिङ मल, डिपार्टमेण्टल स्टोर सञ्चालन गर्ने ।

४. मेला, महोत्सव, जात्रा, पर्व, विवाह, न्वारन, पास्नी, व्रतबन्ध, धार्मिक अनुष्ठान, मलामी लगायतका अत्यावश्यक परम्परागत धार्मिक तथा सांस्कृतिक क्रियाकलापहरु सञ्चालन गर्दा २५ जना भन्दा बढी नहुने र जनस्वास्थ्यका मापदण्डको पालना हुने गरी मात्र सञ्चालन गर्ने । विवाह वा व्रतब्धका लागि पार्टी प्यालेस प्रयोग गर्नुपर्ने भएमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी प्रमुख जिल्ला अधिकारीको पूर्व स्वीकृति लिई २५ जनामा नबढ्ने गरी गर्ने ।

५. सभा, सम्मेलन, गोष्ठी, सेमिनार, समीक्षा बैठक, तालीम, प्रशिक्षण जस्ता क्रियाकलापहरु सञ्चालन गर्दा भर्चुअल माध्यमबाट गर्ने । भौतिक रुपमा उपस्थित भई गर्नै पर्ने भएमा बढीमा २५ जना मात्र सहभागी रहने गरी जनस्वास्थ्यका मापदण्ड पालना गरी सञ्चालन गर्ने ।

६. सार्वजनिक यातायात सञ्चालन गर्दा सिट क्षमता भन्दा बढी यात्रु नराख्ने, सबै यात्रुलाई माक्स अनिवार्य गर्ने, सवारी साधनको ढोकामा र सवारी साधनभित्र सेनिटाइजरको व्यवस्था गर्नुपर्ने, चालक तथा सहचालकले माक्स र भाइजर लगाउनु पर्ने, सवारी साधनलाई दैनिक रुपमा निसङ्क्रमित गर्नु पर्ने, सार्वजनिक यातायातमा कुनै यात्रुले माक्स नलगाई आएमा चालक वा सहचालकले बढीमा दश रुपैयाँ लिई माक्स उपलब्ध गराउनुपर्ने, माक्स नलगाउने व्यक्तिलाई सवारी साधनमा प्रवेश गर्न नदिने, लामो दुरीमा चल्ने सार्वजनिक यातायातम बीच बाटोमा थप यात्रु नचढाउने गरी शुरु गन्तव्य देखि अन्तिम गन्तव्यसम्म यातायात सञ्चालन गर्ने ।

७. सार्वजनीक निकाय, पसल व्यवसाय तथा अन्य सार्वजनिक स्थलमा सेनिटाइजर र माक्सको प्रयोग अनिवार्य गर्ने । मास्क लगाएर मात्र व्यक्तिलाई कार्यालय तथा पसलमा प्रवेश गर्न दिने व्यवस्था मिलाउने ।

८. होटेल तथा रेष्टुरेन्टले विहान ८ बजेदेखि बेलुका ८ बजेसम्म जनस्वास्थ्य सम्बन्धी मापदण्डको पालना गरी सेवा दिने र सो समय पश्चात टेकअवे र होम डेलिभरी सेवा मात्र उपलब्ध गराउने ।

"स्वच्छ र सक्षम निजामती प्रशासन : समृद्धि र सुशासन"

रुद्रा देवी शर्मा
प्रमुख जिल्ला अधिकारी

१

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तम्घास, गुल्मी

फोन नं. ०७९-५२०१३३ प्र.जि.अ.
फोन नं. ०७९-५२०२४२/५२०८३३
फ्याक्स नं.०७९-५२०२८४
daogulmi2046@gmail.com
noticeboard 1618079520833
daogulmi.moha.gov.np
facebook.com/daogulmi

९. राष्ट्रिय राजमार्गहरुमा सञ्चालित होटेल तथा रेष्टुरेण्टहरुले जनस्वास्थ्यका मापदण्डहरु पालना गरी भिडभाड नहुने व्यवस्था मिलाई आलोपालो गरी सेवा दिने ।

१०. अत्यावश्यक काम नपरी अनावश्यक रुपमा बाहिर हिडडुल नगर्ने, घर बाहिर निस्कँदा, सार्वजनिक स्थल, कार्यालय, पसलमा जाँदा अनिवार्य मास्क लगाउने, प्रयोग भएको मास्क जथाभावी नफ्याँक्ने सुरक्षित डस्विनमा राख्ने, विदेशबाट नेपाल आउँदा वा निकट सम्पर्कमा रहि कन्ट्र्याक ट्रेसिङमा परेमा परीक्षणबाट नतिजा नेगेटिभ भए तापनि कम्तीमा १० दिन होम क्वोरेन्टिनमा अनिवार्य रुपमा बस्ने, पी.सी.आर.परीक्षणका लागि प्रयोगशालामा स्वाव दिए पछि नतिजा नआएसम्म बाहिर हिंडडुल, भेटघाट र बैंठक नगर्ने, अन्य व्यक्तिले जनस्वास्थ्यका मापदण्ड पालना नगरेमा स्थानीय तह, स्थानीय प्रशासन, स्वास्थ्य संस्था, टोल सुधार समिति, उपभोक्ता समित वा सम्वद्ध अन्य निकाय वा संस्थालाई यथाशीघ्र जानकारी गराउने, होम आइसोलेसनमा बसेका व्यक्ति स्वास्थ्यकर्मीको नियमित सम्पर्कमा रहने र स्वास्थ्य सम्बन्धी कुनै समस्या भएमा तुरुन्तै नजिकको अस्पतालमा जाने ।

११. उल्लेखित आदेशहरुको पालना गर्नु सबैको कर्तव्य हुने र अवज्ञा गर्ने जोसुकैलाई संक्रामक रोग ऐन २०२०, र स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम सजाय हुने ।

मिति: २०७८/०१/०७

रुद्रा देवी शर्मा
प्रमुख जिल्ला अधिकारी

"स्वच्छ र सक्षम निजामती प्रशासन : समृद्धि र सुशासन"

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
तम्घास गुल्मी

फोन नं. ०७९-५२०१३३
प्र.जि.अ.
फोन नं. ०७९-५२०२४२/५२०८३३
फ्याक्स नं.०७९-५२०२८४
daogulmi2046@gmail.com
noticeboard
1618079520833
daogulmi.moha.gov.np
facebook.com/daogulmi

प.सं ०७७/०७८
च.नं.

## गुल्मी जिल्लाका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मावाट जारी आदेश ।

विगतका केही दिन यता विश्वमा फैलिदै गइरहेको नयां भेरियन्ट सहितको कोभिड–१९ को महामारी नेपालमा पनि फैलिएको र गुल्मी जिल्लामा समेत यसको संक्रमण तिव्ररुपमा बढी रहेको हुंदा उक्त संक्रमणको रोकथाम र नियन्त्रणका लागि नेपाल सरकार (मं.प.) को मिति २०७८।१।०६ र १३ गतेको निर्णय तथा जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) तथा जिल्ला सुरक्षा समितिको मिति २०७८।१।१७ गतेको निर्णय समेतका आधारमा संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) ले दिएको अधिकार प्रयोग गरी मिति २०७८।१।१८ गते शनिवार राति १२.०० बजे देखी मिति २०७८।१।२५ गते शनिवार राति १२.०० बजे सम्म गुल्मी जिल्लाभर लागू हुने गरी देहाय बमोजिमको आदेश जारी गरिएको छ। यो आदेशको पालना गर्नु गराउनु हुन सबै व्यक्ति, निकाय, पेशाकर्मी, व्यवसायी तथा आम नागरिकको कर्तव्य हुनेछ । कसैले यो आदेशको उल्लंघन गरेमा संक्रामक रोग ऐन, २०२० तथा स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम कारवाही हुने व्यहोरा समेत सम्बन्धित सवैमा जानकारी गराइन्छ ।

देहायः

१. निषेधाज्ञा अवधिभर औषधी उपचार तथा अत्यावश्यक काम बाहेक कुनै पनि व्यक्ति घर बाहिर ननिस्कने।
२. सवै प्रकारका गोष्ठी, तालिम, सभा, सम्मेलन, सेमिनार गर्न मानिसहरु जम्मा हुन, भिडभाड गर्न, सभा जुलुस गर्न, जात्रा महोत्सव गर्न तथा कुनै पनि प्रकारको खेलकुद संचालन गर्न निषेध गर्ने।
३. विद्यालय, शिक्षालय, तालिमकेन्द्र, सिनेमा हल, पार्टी प्यालेस, होटल, रेष्टुरेन्ट, नांचघर, क्लव, फुटसल, जिमखाना, व्युटी पार्लर, शैलुन, सुनचांदी पसल, टेलरिङ्ग, फुटपाथ पसलहरु लगायतका सेवा एवं स्थलहरु नखोल्ने तथा संचालन नगर्ने ।
४. मठ मन्दिरहरु तथा विभिन्न धार्मिक स्थलहरुमा परम्परागत रुपमा गरिने नित्य पुजा वाहेक अन्य सम्पूर्ण धार्मिक सांस्कृतिक गतिविधीहरु बन्द गर्ने ।
५. एम्बुलेन्स, दमकल, शववाहन, अत्यावश्यक खाद्य सामग्री तथा पशुपंक्षीका दाना, दूध, फलफूल, तरकारी, माछा, मासु, पानी, ग्यांस, पेट्रोलियम पदार्थ, निर्माण सामग्री बोकेका सवारी साधनहरु, औद्योगिक कच्चा पदार्थ बोकेका सवारी साधनहरु, चिकित्सक तथा स्वास्थकर्मीहरुले ड्युटी जान आउन प्रयोग गर्ने सवारी साधनहरु, औषधी तथा स्वास्थ सामग्री बोकेका सवारी साधनहरु, क्वोरेन्टिन तथा आइसोलेसनमा बिरामीको उपचारमा खटिएका सवारीसाधन, प्रेस पास तथा परिचयपत्र वाहक संचारकर्मीहरुले प्रयोग गरेका सवारी साधनहरु बाहेक गुल्मी जिल्लाभर यात्रुवाहक सार्वजनिक तथा निजी सवारी साधनहरुको संचालनमा रोक लगाउने तर गुल्मी जिल्ला भएर अन्य निषेधाज्ञा जारी नभएका जिल्ला जाने सवारीसाधनहरु गुल्मी जिल्लामा यात्रु ओराल्न र चढाउन नपाउने गरी संचालन गर्न दिने। निर्माण तथा खाद्यसामाग्रीका सवारी साधनमा चालक तथा सहचालक मात्र रहन पाउनेछन् ।

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
तम्घास गुल्मी

फोन नं. ०७९-५२०१३३
प्र.जि.अ.
फोन नं. ०७९-५२०२४२/५२०८३३
फ्याक्स नं.०७९-५२०२८४
daogulmi2046@gmail.com
noticeboard
1618079520833
daogulmi.moha.gov.np
facebook.com/daogulmi

प.सं ०७७/०७८
च.नं.

६. विवाह, व्रतवन्ध एवम् अन्य संस्कारजन्य कार्यक्रमहरु घरमै संचालन गर्नुपर्ने र त्यस्ता कार्यक्रममा स्वास्थ्य सुरक्षाका मापदण्ड अनिवार्य रुपमा अपनाई २५ जना भन्दा बढी सहभागि हुन नपाइने ।
७. औषधी एवम् स्वास्थ सामग्रीका पसलहरु २४ सै घण्टा खुल्ला रहने ।अत्यावश्यक दैनिक उपभोगका खाद्य सामग्री, दूध, फलफूल, तरकारी, माछा, मासु, पानी, ग्यांस, पेट्रोलियम पदार्थ तथा निर्माण सामग्रीका पसलहरु दिनमा १ पटकमात्र विहान ७.०० वजेबाट ९.०० वजेसम्म मात्र संचालन गर्न पाउने ।होटल तथा रेष्टुरेन्टहरुले विहान १०.०० वजेबाट दिउसो १२.०० वजेसम्म मात्र टेक अवे सेवा संचालन गर्ने।
८. स्वास्थ सुरक्षा, संचार, विद्युत, खानेपानी, दमकल बाहेक अन्य सरकारी तथा गैरसरकारी कार्यालय तथा निकायहरुबाट प्रदान गरिने सवै प्रकारका सेवाहरु बन्द गर्ने । सरकारी कार्यालय बन्द नगरी आन्तरिक कामहरु गर्ने ।
९. बैंक तथा वित्तिय संस्थाले विहान १० बजे देखी दिउसो १२ बजेसम्म सेवा संचालन गर्ने ।
१०. अत्यावश्यक उपभोग्य तथा खाद्यवस्तुको आपूर्तीको व्यवस्था गुल्मी उद्योग वाणिज्य संघ तथा च्याम्बर्स अफ कमर्सले मिलाउने ।
११. आयोजनामा काम गर्ने कामदारलाई कार्यस्थलमै रहने व्यवस्था मिलाई विकास निर्माणका आयोजना सुचारु गर्ने ।
१२. जिल्लामा हाल उपलब्ध रहेका एम्बुलेन्सहरु सञ्चालनका लागि सम्बन्धीत स्थानीय तह तथा निकायहरुले तयारी अवस्थामा राखी कुनै पनि अवरोध नहुने गरी संचालनको व्यवस्था मिलाउने ।
१३. निषेधाज्ञा अवधिभर अत्यावश्यक सेवा बाहेक अन्य प्रयोजनको लागि सवारी पास जारी नहुने ।
१४. औषधी तथा अत्यावश्यक उपभोग्य वस्तु तथा सेवाको आपूर्तीमा कृत्रिम अभाव सिर्जना गर्ने, मूल्यवृद्धि गर्ने, लुकाउने, सहज आपूर्तीमा अवरोध गर्ने उपर कारवाही गरिनेछ ।

रुद्रा देवी शर्मा
प्रमुख जिल्ला अधिकारी

२

घर बसौं, सुरक्षित रहौं ।अनिवार्य रुपमा स्वास्थ्य मापदण्डहरुको पालना गरी कोभिड १९ फैलन नदिऔं आफु बाँचौ अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तम्घास, गुल्मी

फोन नं. ०७९-५२०१३३ प्र.जि.अ.
फोन नं. ०७९-५२०२४२/५२०८३३
फ्याक्स नं.०७९-५२०२८४
daogulmi2046@gmail.com
noticeboard 1618079520833
daogulmi.moha.gov.np
facebook.com/daogulmi

प.सं ०७७/०७८
च.नं.

## कोभिड-१९ को संक्रमणबाट बच्न गुल्मी जिल्लावासीहरुमा विशेष अनुरोध ।

कोभिड-१९ को नयाँ भेरियन्टबाट यस जिल्लामा पनि संक्रमणको दर उच्चस्तरमा बृद्धि भई हालसम्म ४३० जना सकृय संक्रमित भएका छन् ।नयाँ भेरियन्टबाट यस जिल्ला भित्र र बाहिर रहेका १४ जनाको मृत्युभएको छ ।संक्रमणको रोकथाम तथा नियन्त्रणको लागि मिति २०७८ वैशाख १८ गते राती १२ बजेदेखि २०७८ वैशाख २५ गते राती १२ बजेसम्म जारी गरिएको निषेधाज्ञाको कारण दैनिक जनजिवनमा असहज हुने भएतापनि यसबाट संक्रमणको दर घट्ने र Chain Break हुने विश्वास लिइएको छ । संक्रमणबाट जोगिन अत्यावश्यक नपरी घरबाट बाहिर नजानु हुन तथा सवारी पास अनुमती नमाग्नु हुन विनम्र अनुरोध गरिन्छ । बढ्दो संक्रमणबाट आफू पनि सुरक्षित भई अरुलाई सुरक्षित राख्नु हामी सबैको कर्तव्य र दायित्व हुन आउँछ । लक्षण देखिए नजिकको स्वास्थ्य संस्थामा परीक्षण गराउनुहुन, संक्रमणबाट भयभित नभई संयमता अपनाउनुहुन तथा स्वास्थ्य सुरक्षाको मापदण्ड पालना गरी निषेधाज्ञाको पालना गर्नु हुन सम्पूर्ण जिल्लावासी महानुभावहरुमा हार्दिक अपिल गरिन्छ ।

२०७८/०१/२२
रुद्र देवी शर्मा
प्रमुख जिल्ला अधिकारी

१

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
तम्घास, गुल्मी

फोन नं. ०७९-५२०१३३
प्र.जि.अ.
फोन नं. ०७९-५२०२४२/५२०८३३
फ्याक्स नं.०७९-५२०२८४
daogulmi2046@gmail.com
noticeboard
1618079520833
daogulmi.moha.gov.np
facebook.com/daogulmi

प.सं ०७७/०७८
च.नं.

**गुल्मी जिल्लाका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मावाट मिति २०७८/०१/२४ मा जारी आदेश ।**

विगतका केही दिन यता विश्वमा फैलिदै गइरहेको नयाँ भेरियन्ट सहितको कोभिड–१९ को महामारी नेपालमा पनि फैलिएको र गुल्मी जिल्लामा समेत यसको संक्रमण तिव्ररुपमा बढी रहेको हुंदा उक्त संक्रमणको रोकथाम र नियन्त्रणका लागि नेपाल सरकार (मं.प.) को मिति २०७८।१।०६ र १३ गतेको निर्णय तथा जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) तथा जिल्ला सुरक्षा समितिको मिति २०७८।१।१७ गतेको निर्णय समेतका आधारमा संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) ले दिएको अधिकार प्रयोग गरी मिति २०७८।१।१८ गते शनिवार राति १२.०० बजे देखी मिति २०७८।१।२५ गते शनिवार राति १२.०० बजे सम्म गुल्मी जिल्लाभर लागू हुने गरी जारी गरिएको निषेधाज्ञा जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्रको मिति २०७८/०१/२४ मा बसेको बैठकको सिफारिस बमोजिम मिति २०७८/०१/२५ गते शनिवार राती १२ बजे देखि २०७८/०२/०४ गते मंगलवार राती १२ बजे सम्म गुल्मी जिल्लाभर लागू हुने गरी देहाय बमोजिमको आदेश जारी गरिएको छ। यो आदेशको पालना गर्नु गराउनु हुन सबै व्यक्ति, निकाय, पेशाकर्मी, व्यवसायी तथा आम नागरिकको कर्तव्य हुनेछ । कसैले यो आदेशको उल्लंघन गरेमा संक्रामक रोग ऐन, २०२० तथा स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम कारवाही हुने व्यहोरा समेत सम्बन्धित सवैमा जानकारी गराइन्छ ।

देहाय:

१. निषेधाज्ञा अवधिभर औषधी उपचार तथा अत्यावश्यक काम बाहेक कुनै पनि व्यक्ति घर बाहिर ननिस्कने।

२. सबै प्रकारका गोष्ठी, तालिम, सभा, सम्मेलन, सेमिनार गर्न मानिसहरु जम्मा हुन, भिडभाड गर्न, सभा जुलुस गर्न, जात्रा महोत्सव गर्न तथा कुनै पनि प्रकारको खेलकुद संचालन गर्न निषेध गर्ने।

३. विद्यालय, शिक्षालय, तालिमकेन्द्र, सिनेमा हल, पार्टी प्यालेस, होटल, रेष्टुरेन्ट, नांचघर, क्लव, फुटसल, जिमखाना, ब्युटी पार्लर, शैलुन, सुनचांदी पसल, टेलरिङ्ग, फुटपाथ पसलहरु लगायतका सेवा एवं स्थलहरु नखोल्ने तथा संचालन नगर्ने ।

४. मठ मन्दिरहरु तथा विभिन्न धार्मिक स्थलहरुमा परम्परागत रुपमा गरिने नित्य पुजा वाहेक अन्य सम्पूर्ण धार्मिक सांस्कृतिक गतिविधीहरु बन्द गर्ने ।

५. एम्बुलेन्स, दमकल, शववाहन, अत्यावश्यक खाद्य सामग्री तथा पशुपंक्षीका दाना, दूध, फलफूल, तरकारी, माछा, मासु, पानी, ग्यांस, पेट्रोलियम पदार्थ, निर्माण सामग्री बोकेका सवारी साधनहरु, औद्योगिक कच्चा पदार्थ बोकेका सवारी साधनहरु, चिकित्सक तथा स्वास्थकर्मीहरुले ड्युटी जान आउन प्रयोग गर्ने सवारी साधनहरु, औषधी तथा स्वास्थ सामग्री बोकेका सवारी साधनहरु,

रुद्रा देवी शर्मा
प्रमुख जिल्ला अधिकारी

१

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
तम्घास, गुल्मी

फोन नं. ०७९-५२०१३३
प्र.जि.अ.
फोन नं. ०७९-५२०२४२/५२०८३३
फ्याक्स नं.०७९-५२०२८४
daogulmi2046@gmail.com
noticeboard
1618079520833
daogulmi.moha.gov.np
facebook.com/daogulmi

प.सं ०७७/०७८
च.नं.

क्वारेन्टिन तथा आइसोलेसनमा बिरामीको उपचारमा खटिएका सवारीसाधन, अत्यावश्यक सेवाका सवारी साधन, प्रेस पास तथा परिचयपत्र वाहक संचारकर्मीहरुले प्रयोग गरेका सवारी साधनहरु बाहेक गुल्मी जिल्लाभर यात्रुवाहक सार्वजनिक तथा निजी सवारी साधनहरुको संचालनमा रोक लगाउने तर गुल्मी जिल्ला भएर अन्य निषेधाज्ञा जारी नभएका जिल्ला जाने सवारीसाधनहरु गुल्मी जिल्लामा यात्रु ओराल्न र चढाउन नपाउने गरी संचालन गर्न दिने। निर्माण तथा खाद्यसामाग्रीका सवारी साधनमा चालक तथा सहचालक मात्र रहन पाउनेछन् ।

६. विवाह, व्रतवन्ध एवम् अन्य संस्कारजन्य कार्यक्रमहरु घरमै संचालन गर्नुपर्ने र त्यस्ता कार्यक्रममा स्वास्थ्य सुरक्षाका मापदण्ड अनिवार्य रुपमा अपनाई १५ जना भन्दा बढी सहभागि हुन नपाइने ।

७. औषधी एवम् स्वास्थ सामग्रीका पसलहरु २४ सै घण्टा खुल्ला रहने ।अत्यावश्यक दैनिक उपभोगका खाद्य सामग्री, दुध, फलफूल, तरकारी, माछा, मासु, पानी, ग्यांस, पेट्रोलियम पदार्थ तथा निर्माण सामग्रीका पसलहरु दिनमा १ पटकमात्र विहान ७.०० बजेबाट ९.०० वजेसम्म मात्र संचालन गर्न पाउने ।

८. स्वास्थ सुरक्षा, संचार, विद्युत, खानेपानी, दमकल बाहेक अन्य सरकारी तथा गैरसरकारी कार्यालय बाट प्रदान गरिने सबै प्रकारका सेवाहरु बन्द गर्ने । अत्यावश्यक बाहेकका कार्यालयमा न्यूनतम कर्मचारीबाट कामहरु गर्ने ।

९. अत्यावश्यकीय तथा मानवीय कार्यका लागि बाहेक बैंक तथा वित्तिय संस्था (बिमा कम्पनी, सहकारी समेत) को सेवा बन्द गर्ने ।

१०. अत्यावश्यक उपभोग्य तथा खाद्यवस्तुको आपूर्तीको व्यवस्था गुल्मी उद्योग वाणिज्य संघ तथा च्याम्बर्स अफ कमर्सले मिलाउने ।

११. आयोजनामा काम गर्ने कामदारलाई कार्यस्थलमै रहने व्यवस्था मिलाई विकास निर्माणका आयोजना सुचारु गर्ने ।

१२. जिल्लामा हाल उपलब्ध रहेका एम्बुलेन्सहरु सञ्चालनका लागि सम्बन्धीत स्थानीय तह तथा निकायहरुले तयारी अवस्थामा राखी कुनै पनि अवरोध नहुने गरी संचालनको व्यवस्था मिलाउने ।

१३. निषेधाज्ञा अवधिभर अत्यावश्यक सेवा बाहेक अन्य प्रयोजनको लागि सवारी पास जारी नहुने ।

१४. औषधी तथा अत्यावश्यक उपभोग्य वस्तु तथा सेवाको आपूर्तीमा कृत्रिम अभाव सिर्जना गर्ने, मूल्यवृद्धि गर्ने, लुकाउने, सहज आपूर्तीमा अवरोध गर्ने उपर कारवाही गरिनेछ ।

रुद्रा देवी शर्मा
प्रमुख जिल्ला अधिकारी

२

## तस्वीर संग्रह

**रेसुङ्गा अस्पताल र महेन्द्र मा.वि.मा स्थापना गरिएको आईसोलेसन वेडको अनुगमन तथा निरीक्षण**









**बजार अनुगमन**










DCCMC गुल्मी को बैठक





ईश्मा गा.पा.ले निर्माण गरेको हेल्पडेस्क तथा मुसिकोट नगरपालिकाले गरेको आईसोलेसनको निरीक्षण







रुद्रावति बहुमुखी क्याम्पसमा रहेको आईसोलेसन

## जिल्ला प्रहरी कार्यालय गुल्मीले गरेका गतिविधीको तस्वीरहरु





## सशस्त्र प्रहरी बल, नेपाल नं. ३७ गुल्म हे.क्वा. गुल्मीबाट भएका गतिविधीहरु











घर बसौं, सुरक्षित रहौं ।अनिवार्य रुपमा स्वास्थ्य मापदण्डहरुको पालना गरी कोभिड १९ फैलन नदिऔं आफु बाँचौ अरुलाई पनि बचाऔं ।

## श्री संग्राम शार्दुल गुल्मका गतिविधीहरु






प्रकाशक

नेपाल सरकार

गृह मन्त्रालय

**जिल्ला प्रशासन कार्यालय गुल्मी**

जिल्ला कोभिड १९ संकट व्यवस्थापन केन्द्र

(District Covid 19 Crisis Management Center, DCCMC)

**संयोजक — रुद्रादेवी शर्मा, प्रमुख जिल्ला अधिकारी**

फोकल पर्सन- उद्धव पन्थी (प्रशासकीय अधिकृत), सेटिङ्ग- रण बहादुर थापा (खरिदार)

*Email- daogulmi2046@gmail.com , Contact No. 079520833/520133, Facebook.com/daogulmi*